का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० वैशाख २०८२,
शनिबार
3 May, 2025
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ९० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

२०८२/०८३ को नीति तथा कार्यक्रम

# परम्परागत तर सकारात्मक



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १९ वैशाख ।

सरकारले आर्थिक वर्ष २०८२/०८३ का लागि नीति तथा कार्यक्रम ल्याएको छ। शुक्रबार संघीय संसद्को संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले १५५ बुँदामा समेटिएको ५६ पृष्ठ लामो नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् ।

कतिपय अघिल्लो वर्षकै विषयले निरन्तरता पाएका छन्। प्रस्तुत नीति तथा कार्यक्रम सकारात्मक उन्मुख भए पनि सुधार आवश्यक देखिएको प्रतिक्रिया विभिन्न सरोकारवालाहरूबाट आइरहेको छ ।

संसद्मा प्रस्तुत सरकारको नीति तथा कार्यक्रमलाई प्रतिपक्षी दलहरूले आलोचनात्मक टिप्पणी गरेका छन् भने सत्ता पक्षका सांसदहरूसमेत यसबाट सन्तुष्ट छैनन्। अर्थविद् तथा सांसदहरूले सरकारको नीति तथा कार्यक्रमलाई मिश्रित प्रतिक्रिया दिएका छन् ।

नीति तथा कार्यक्रम प्रस्तुत गर्दै राष्ट्रपति पौडेलले संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै नेपाली जनताको बलिदान, संघर्ष र आन्दोलनले ल्याएको दूरगामी महत्त्वका उपलब्धिहरूको रक्षा गर्न सरकार दृढ रहेको बताए ।

परिवर्तन र उपलब्धिप्रति जनतालाई गौरवबोध गराउन, सरकारप्रति जनताको विश्वास जगाउँदै मुलुकमा सुशासन कायम गर्न सरकार प्रतिबद्ध रहेको उनको भनाइ छ।

पौडेलले संविधानको समीक्षा गरी आपसी समझदारीसहित संविधानमा रहेका कमीकमजोरी सच्याएर आवश्यक संशोधन गरिने प्रतिबद्धतासमेत व्यक्त गरेका छन् ।

राजनीतिक स्थिरतालाई निरन्तरता दिँदै नीतिगत स्थिरता सुनिश्चित गर्ने सरकारको लक्ष्य नीति तथा कार्यक्रममा उल्लेख छ। विकास निर्माणका क्रममा देखिएका कमजोरीलाई सुधार गर्न ढाँचा परिवर्तन गर्ने, विगतमा घोषणा गरिएका विकासका कार्यक्रमलाई पुनः प्राथमिकीकरण गर्ने, स्रोत सुनिश्चितता गरी सम्भावना नभएका आयोजना स्थगित गर्ने र खारेज गर्नेसमेत सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ ।

सरकारले चालू बजेट अधिवेशनबाट ९ विधेयक पारित गर्ने घोषणासमेत नीति तथा कार्यक्रममार्फत गरेको छ । राष्ट्रपति पौडेलले नीति तथा कार्यक्रममा संसद्को यसै अधिवेशनबाट नेपाल प्रहरी र सशस्त्र प्रहरीसम्बन्धी विधेयक, विद्यालय शिक्षा विधेयक, नेपाल नागरिक उड्डयन प्राधिकरणलाई टुक्र्याएर सेवा प्रदायक र नियामक छुट्टाउने विधेयक, संघीय निजामती सेवा विधेयक, वैकल्पिक विकास वित्त परिचालनसम्बन्धी विधेयक, भूमिसम्बन्धी विधेयक पारित गर्ने बताए ।

'यसै अधिवेशबाट यी विधेयक पारित गरिने छ', पौडलले भने ।

सरकारले शिक्षा सुधारका लागि कानुनी, नीतिगत र संस्थागत सुधार गर्नेसमेत जनाएको छ । २०८४ सालभित्र सबै बालबालिकाले आधारभूत शिक्षा पाउने व्यवस्था गर्ने, संस्थागत एवं सामुदायिक विद्यालयका पाठ्यक्रममा एकरूपता ल्याइने, चालू अधिवेशनबाट विद्यालय शिक्षा ऐन जारी गर्नेदेखि शिक्षक बैंकको स्थापना गर्नेसम्म नीति तथा कार्यक्रममा समेटिएको छ। पृष्ठ २ मा

## सांसदहरूको मिश्रित टिप्पणी

प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र)ले गन्तव्यबिनाको कार्यक्रम भएको प्रतिक्रिया दिएको छ । पूर्वअर्थमन्त्री वर्षमान पुनले सरकारले सुशासनका कुरा गरे पनि कार्यक्रममा कुनै छाँटकाँट नदेखिएको प्रतिक्रिया दिए ।

'नीतिमा गन्तव्य स्पष्ट देखिएन । कार्यक्रममा नबोलेपछि बजेटमा आफूखुसी राख्न खोजेको हो कि जस्तो देखिन्छ', पुनले भने, 'संसद्लाई छलेर नीति र कार्यक्रममा नभएको कुरा पछि बजेटमा राख्नु नैतिक होइन ।' पृष्ठ २ मा

## समेटिएका मुख्य विषयहरू

- सम्पत्ति शुद्धीकरण र आतंककारी गतिविधिमा हुने लगानी नियन्त्रणका लागि आवश्यक कदम चाली १ वर्षमै 'ग्रे लिस्ट'बाट बाहिर निस्कनेगरी सम्पत्ति शुद्धीकरण अन्तर्राष्ट्रिय मापदण्ड कार्यान्वयनमा ल्याउने ।
- चालू बजेट अधिवेशनबाट नेपाल प्रहरी र सशस्त्र प्रहरीसम्बन्धी विधेयक, विद्यालय शिक्षा विधेयक, नेपाल नागरिक उड्डयन प्राधिकरणलाई टुक्र्याएर सेवा प्रदायक र नियामक छुट्ट्याउने विधेयक, संघीय निजामती सेवा पृष्ठ २ मा

## प्राथमिकतामा संविधान संशोधन

*नेताहरूका अनुसार नेपाली कांग्रेस र नेकपा एमाले दुवै दलभित्र संविधान संशोधनको गृहकार्य अगाडि बढाउनुपर्ने मत छ । तर, प्रक्रिया अगाडि बढ्न सकिरहेको छैन*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ वैशाख ।

सरकारले नेपाली कांग्रेस र नेकपा एमालेबीच विगतमा भएको ७ बुँदे सम्झौता संसद्मै सम्झिएको छ । आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रममा संविधान संशोधन गर्ने कांग्रेस र एमालेबीचको सम्झौताका विषय समावेश छन् ।

शुक्रबार संघीय संसद्मा सरकारको नीति तथा कार्यक्रम वाचन गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले सहमतिका आधारमा संविधान संशोधन प्रक्रिया अगाडि बढाइने बताए। २०७२ सालमा जारी भएको संविधानको समीक्षा गर्दै कार्यान्वयनका क्रममा देखिएका कमजोरी सच्याउँदै जाने प्रतिबद्धता नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

भनिएको छ, 'सरकारले संविधानको समीक्षा गर्दै कार्यान्वयनको क्रममा देखिएका कमी-कमजोरी सच्याउन सहमतिको आधारमा संशोधनको प्रक्रिया आगाडि बढाउने छ ।'

३० असार २०८१ मा प्रधानमन्त्री भएका केपी शर्मा ओलीले ६ साउन २०८१ मा विश्वासको मत लिएका थिए । त्यसबेला संसद्मै ओलीले कांग्रेस र एमालेबीच भएको ७ बुँदे पढेर सुनाएका थिए, जहाँ संविधान संशोधनको विषय उल्लेख थियो ।

संविधान संशोधन गर्नेसहितको वाचा गरेका प्रधानमन्त्री ओलीले प्रतिनिधिसभाबाट १८८ मत पाएका थिए। यो २७५ सदस्यीय प्रतिनिधिसभामा दुई तिहाइ बढी बहुमत हो ।



*संविधान संशोधनका निम्ति राष्ट्रिय स्वीकारोक्तिको परिस्थिति विकास गर्छौं*
**महेश बर्तौला**
**मुख्य सचेतक, नेकपा एमाले**

यति बलियो सरकार बनाउनु अगाडि १७ असार २०८१ को मध्यरात कांग्रेस र एमालेले ७ बुँदे सम्झौता गरेका थिए । ७ बुँदे सहमतिको २ नम्बर बुँदामा संविधान संशोधन गर्ने विषय छ ।

तर, अहिलेसम्म संविधान संशोधनको प्रक्रिया अगाडि बढेको छैन । यही बेला सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममै संविधान संशोधन प्रक्रिया अगाडि बढाउने विषय समावेश गरेको हो। नेताहरूका अनुसार कांग्रेस-एमाले दुवै दलभित्र संविधान संशोधनको गृहकार्य अगाडि बढाउनुपर्ने मत छ। तर, प्रक्रिया अगाडि बढ्न सकिरहेको छैन । पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित तथा व्यवस्थित बनाउन नीति, कानुन र कार्यविधि संशोधन सरकारको प्राथमिकतामा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ वैशाख ।

सरकारले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित तथा व्यवस्थित बनाउन नीति, कानुन र कार्यविधि संशोधन गर्ने कामलाई प्राथमिकतामा राखिने बताएको छ । शुक्रबार संघीय संसदको संयुक्त बैठकमा सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले अन्तर्राष्ट्रिय श्रमबजारका मागअनुसार सीपयुक्त जनशक्ति तयार गर्न राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको भूमिका विस्तार गरिने बताए ।

सरकारले वैदेशिक रोजगारभन्दा देशभित्रै उद्यमशीलता प्रवर्द्धन गरी रोजगारी सिर्जना गर्ने नीति तथा कार्यक्रममा जोड दिएको छ । 'देशभित्रै रोजगारीको वातावरण बनाइ युवाशक्ति पलायन हुनबाट बचाउने सरकारको नीति रहेको छ,' राष्ट्रपति पौडेलले भने, 'देशभित्रै उद्यमशीलता प्रवर्द्धन गरी युवा रोजगारी सिर्जना गर्ने तयारीमा सरकार छ । आगामी दशकलाई आन्तरिक रोजगारीका रूपमा मनाउने छौं । रोजगारी तथा ज्याला रोजगारीको माध्यमबाट आन्तरिक रोजगारी सिर्जना गर्ने सरकारको नीति छ ।'

यसका अतिरिक्त सरकारले निजी कम्पनी, सामाजिक संस्थालगायतमा कार्यरत श्रमिक, कर्मचारीलाई अनिवार्यरूपमा योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने कार्यक्रममा जोड दिएको छ ।

सीपयुक्त जनशक्ति विकास पनि सरकारको नीति तथा कार्यक्रममा समेटिएको छ । त्यसैगरी सरकारले वैदेशिक रोजगारका नाममा हुने महिलाविरुद्ध हुने शोषण, हिंसा र भेदभाव, महिला बेचबिखन तथा ओसारपसारमा शून्य सहनशीलता अपनाउने नीति कार्यक्रममा समेटेको छ। पृष्ठ २ मा

### सामाजिक सुरक्षाका केही विषय पनि प्राथमिकतामा

काठमाडौं/मस- नेपाल सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा सामाजिक सुरक्षाका केही विषय प्राथमिकतामा देखिएका छन् । सार्वजनिक नीति कार्यक्रममा एकीकृत सामाजिक सुरक्षाको अवधारणालाई थप सुदृढ गर्दै कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोषलगायतका निकायबाट सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमहरूबीच समन्वय गरिने उल्लेख छ ।

त्यसैगरी सामाजिक सुरक्षा कोष सुदृढीकरण रणनीति कार्यान्वयन गरिने, श्रम गर्ने संस्कृतिको विकास गर्दै श्रमलाई सम्मान गर्ने परिपाटी बसालिने, इन्टर्नलाई पनि स्टार्टअपमा संलग्न गर्न कार्यघण्टामा आधारित ज्याला प्रणाली लागू गरिने र योगदानमा आधारित सामाजिक सुरक्षालाई अनिवार्य गरिने पनि नीति तथा कार्यक्रममा समेटिएको छ । पृष्ठ २ मा

नेपाल विद्युत् प्राधिकरणको श्वेतपत्र

## ५ अर्ब २६ करोड नोक्सानी



**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ वैशाख ।

पदबहाली गरेको एक महिनापछि नेपाल विद्युत प्राधिकरणका प्रबन्ध निर्देशक हितेन्द्रदेव शाक्यले प्राधिकरणको श्वेतपत्र सार्वजनिक गरेका छन् । श्वेतपत्र सार्वजनिक गर्दै उनले हालसम्म प्राधिकरणको कुल सम्पत्ति ६ खर्ब ४४ अर्ब र कुल दायित्व ३ खर्ब ८५ अर्ब रहेको उनले बताए ।

प्रबन्ध निर्देशक शाक्यकाअनुसार प्राधिकरणको कुल सम्पत्तिमध्ये २ खर्ब ३५ अर्ब स्थिर सम्पत्ति र २ खर्ब २० अर्ब बराबर निर्माणाधीन आयोजनामा लगानी भएको छ। श्वेतपत्रमा महालेखापरीक्षकको प्रतिवेदनले लामो समयदेखि प्राधिकरणको सम्पत्तिको भौतिक परीक्षण नभएको औंल्याएको समेत उल्लेख छ ।

विस्तृत समाचार पृष्ठ ६ मा

प्रिसाको मृत्यु झन् रहस्यमय

## केआईआईटीको गतिविधि शंकास्पद

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १९ वैशाख ।

भारतको उडिसा राज्यको राजधानी भुवनेश्वरस्थित कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी)मा अध्ययनरत नेपाली विद्यार्थी प्रिसा साहको मृत्यु झन् रहस्यमय बनेको छ ।

प्रिसा केआईआईटीको छात्रावासमा बिहीबार साँझ मृत भेटिएकी थिइन् । वीरगन्ज घर भएकी १८ वर्षीया प्रिसा साह छात्रावासमा झुण्डिएर आत्महत्या गरेको अवस्थामा भेटिएकी थिइन् । अहिलेसम्म आत्महत्याको कारण खुल्न सकेको छैन ।

भुवनेश्वर प्रहरीका आयुक्त एस देवदत्ता सिंहले बिहीबार साँझ प्रिसाको शव होस्टलमा उनी बस्ने १११ नम्बर कोठामै झुण्डिएको अवस्थामा भेटिएको बताएका थिए ।

घटनालाई लिएर अप्राकृतिक मृत्युको मामिलामा मुद्दा दर्ता गरिएको त्यहाँका प्रहरी अधिकारीहरूले जनाएका छन् ।

घटनाको छानबिनका लागि नेपाल सरकारले कूटनीतिक पहल पनि लिएको छ । परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले भारत सरकार, उडिसा सरकारका उच्च अधिकारी र दिल्लीस्थित नेपाली दूतावासका अधिकारीमार्फत घटनाको सत्यतथ्य छानबिन गर्न कूटनीतिक पहल थालिएको जनाएकी हुन् ।

### कलेज प्रशासनको शंकास्पद भूमिका

विश्वविद्यालय प्रशासनले प्रिसाको



शव प्रहरी पुग्नुअघि नै घटनास्थलबाट उठाएको खुलेको छ । कलेज प्रशासनले घटनास्थलमा प्रहरी पुग्नुअघि नै शवलाई उठाएर अन्यत्र लगेको पाइएको छ ।

उडिसाको उडिसाटीभी अनलाइनका अनुसार विश्वविद्यालय छात्रावासको १११ नम्बर कोठामा उनको शव झुण्डिएको अवस्थामा भेटिएको भनेर कलेज प्रशासनले भनेको थियो । तर, घटनास्थलमा प्रहरी पुग्नुअघि नै विश्वविद्यालयका कर्मचारीले शव व्यवस्थापन गरेका थिए ।

उडिसा प्रहरी कार्यालयका कन्स्टेबल निराकर खटुआले भने प्रहरीले शव घटनास्थलबाट नउठाएको दाबी गरे। शव प्रहरीले नभएर विश्वविद्यालयका कर्मचारीले नै छात्रावासबाट निकालेको उनले बताए ।

पोस्टमार्टमका लागि अस्पताल गएका खटुआले शव कलेजको मेडिकल इमर्जेन्सी वार्डबाट प्रहरीले भुवनेश्वरस्थित एम्स अस्पतालमा ल्याएको बताए ।

तर, प्रहरीले स्पष्ट रूपमा भनेको शव झुण्डिएको अवस्थामा नभई बेडमा रहेको विवरण र कलेज प्रशासनले प्रहरी आउनुअघि नै शव उठाएको तथ्यले घटनालाई थप रहस्यमय बनाएको छ ।

शव उठाउने काम प्रहरीले नभई कलेज प्रशासनले गरेको हो भने यसले प्रमाण नष्ट गर्ने वा अनुसन्धान प्रभावित पार्ने सम्भावनाको सन्देह निम्त्याएको छ।

यस विषयमा विश्वविद्यालयका कुनै पनि अधिकारीले हालसम्म सार्वजनिक रूपमा कुनै प्रतिक्रिया दिएका छैनन् ।

प्रहरीले घटनाबारे प्रारम्भिक अनुसन्धान गरिरहेको जनाएको छ । घटनास्थलबाट हालसम्म 'सुसाइड नोट' फेला परेको छैन । प्रहरीले प्रिसा बस्ने कोठाको जाँच पनि गरेको छ भने उनका साथीहरूसँग बयान लिएको छ ।

यसअघि पनि यही विश्वविद्यालयमा अध्ययनरत बुटवलकी १ छात्राको रहस्यमय मृत्यु भएको थियो। ३ महिनाको अन्तरालमा भएका यी २ घटनाले नेपाली विद्यार्थीहरूबीच त्रास फैलिएको छ । मृतकका परिवार तथा नेपाली समुदायले गम्भीर र स्वतन्त्र छानबिनको माग गरेका छन् ।

यस घटनाले भारतीय शिक्षालयहरूमा अध्ययनरत अन्तर्राष्ट्रिय विद्यार्थीहरूको सुरक्षा, मानसिक स्वास्थ्य, समर्थन प्रणाली र विश्वविद्यालय प्रशासनको पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२० वैशाख २०८२ शनिबार
3 May 2025, Saturday

## कोशी प्रदेश लगानी सम्मेलन

# १ खर्ब ५२ अर्बको परियोजनामा सम्झौता

**जुनु भट्टराई / मध्यान्ह**
विराटनगर, १९ वैशाख ।




कोशी प्रदेश सरकारले आयोजना गरेको लगानी सम्मेलनमार्फत कुल १ खर्ब ५२ अर्ब १६ करोड रुपैयाँ बराबरका विभिन्न परियोजनामा समझदारी भएको छ ।

शुक्रबार सम्पन्न समारोहमा मुख्यमन्त्री हिक्मतकुमार कार्कीको उपस्थितिमा प्रदेश लगानी प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक डा. सरोज कोइराला र लगानीकर्ताबीच सम्झौता भएका हुन् ।

प्राधिकरणका अनुसार सम्मेलनमा कृषि क्षेत्रका ८ परियोजनामा ३ अर्ब, ऊर्जा क्षेत्रका ३ परियोजनामा ८ अर्ब ६२ करोड, उद्योगतर्फ १२ परियोजनामा ६६ अर्ब ८७ करोड, पूर्वाधारका ९ परियोजनामा ३८ अर्ब ४१ करोड, सूचना प्रविधिका २ परियोजनामा ४७ करोड, पर्यटन क्षेत्रका १० परियोजनामा ३४ अर्ब १९ करोड र फोहोर व्यवस्थापनसम्बन्धी ६० करोडको परियोजनामा एमओयू सम्पन्न भएको हो ।

यीमध्ये निजी क्षेत्रका १९ वटा र सार्वजनिक-निजी साझेदारीमा आधारित २७ वटा परियोजनामा सम्झौता भएको जनाइएको छ । प्रदेश सरकारले सम्मेलनमा ७१ वटा परियोजना प्रदर्शन गरेको थियो, जसको अनुमानित लागत १ खर्ब ७३ अर्ब ४९ करोड रुपैयाँ थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री कार्कीले सम्मेलनलाई ऐतिहासिक र सफल भन्दै प्रदेशको समृद्धि दिशातर्फ लगानीमैत्री वातावरण तयार पारिने प्रतिबद्धता व्यक्त गरे । आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले सरकारद्वारा गरिएका कानुनी तथा नीतिगत सुधारको चर्चा गर्दै लगानीका लागि सहज वातावरण निर्माण भइरहेको जानकारी गराए ।

पूर्वमुख्यमन्त्री केदार कार्कीले लगानीमैत्री कानुनी संशोधन तत्काल गर्न सकिने भन्दै प्रदेश सरकार इच्छुक भएमा तत्काल पहल हुन सक्ने बताए ।

सम्मेलनमा चिनियाँ लगानीकर्ता लियाङ झुङ, गैरआवासीय नेपाली लगानीकर्ता रेजिना राई प्रधान, गालभ ढुंगानालगायतले कोशी प्रदेशमा लगानीको राम्रो सम्भावना रहेको धारणा राखे ।

# नागरिक उड्डयन र हवाई सेवासम्बन्धी विधेयक यसै अधिवेशनमा पारित गर्ने सरकारको नीति



**काठमाडौं / मस–** सरकारले नागरिक उड्डयन र हवाई सेवासम्बन्धी विधेयक यसै अधिवेशनमा पारित गर्ने नीति भएको छ । आगामी आव २०८२/८३ का लागि सरकारको नीति तथा कार्यक्रममा सरकारले यो विषय समावेश गरेको हो ।

शुक्रवार प्रतिनिधि सभा र राष्ट्रिय सभाको संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले आगामी आवका लागि सरकारको नीति तथा कार्यक्रम वाचन गर्दै हवाई सेवा र नागरिक उड्डयनसम्बन्धी विधेयक यसै अधिवेशनबाट पारित गर्ने घोषणा गरेका हुन् ।

'नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक तथा नेपाल नागरिक उड्डयन प्राधिकरणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकलाई संसद्को यसै अधिवेशनबाट पारित गरिनेछ,' नीति तथा कार्यक्रम सार्वजनिक गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले भने ।

यस्तै सरकारले नेपालको एक मात्र राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको पुनर्संरचना गर्ने नीति पनि लिएको उहाँले उल्लेख गर्नुभयो। नागरिक उड्डयन नियमनलाई प्रभावकारी बनाई हवाई सेवा सुरक्षित, सुलभ र पहुँचयोग्य बनाउने पनि सरकारको कार्यक्रम छ। हवाई पूर्वाधार र सेवा प्रवाहमा निजी क्षेत्रको सहभागिता बढाउँदै आर्थिक, व्यावसायिक र वातावरणीय सम्भाव्यताका आधारमा विमानस्थल निर्माण एवम् विस्तार गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख छ ।

यस्तै नेपाललाई प्राकृतिक, सांस्कृतिक, साहसिक र चलचित्र पर्यटनको सुरक्षित तथा आकर्षक गन्तव्यका रूपमा विकास गर्ने र योग/ध्यानमार्फत सकारात्मक नेपाललाई आरोग्य र ध्यान पर्यटनको केन्द्रका रूपमा विस्तार गर्ने लक्ष्य नीति तथा कार्यक्रमले राखेको छ । पर्यटन क्षेत्रलाई आयआर्जन, रोजगारी र समृद्धिको आधारको रूपमा विकास गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । सरकारले दिगो, आय तथा रोजगारीमूलक, प्रविधि र वातावरणमैत्री पर्यटन नीति अवलम्बन गर्ने, सार्वजनिक-निजी सहकार्यमा पर्यटनको प्रत्यक्ष लाभ स्थानीय समुदायमा पुर्‍याउने र पर्यटकीय पूर्वाधारमा मौलिकता र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने कार्यक्रम तय गरेको छ ।

ऐतिहासिक, पुरातात्विक, धार्मिक र साँस्कृतिक महत्त्व बोकेका थप क्षेत्रलाई विश्व सम्पदा सूचीमा समावेश गराउने पहल गर्ने नीति पनि सरकारले लिने भएको छ ।

# कामपामा 'एक वडा, एक नमुना उद्यम कार्यक्रम' विस्तार गरिँदै




**काठमाडौं / मस–** काठमाडौं महानगरपालिकाले थप ११ वटा वडामा 'एक वडा, एक नमूना उद्यम कार्यक्रम' शुभारम्भ गरेको छ ।

अघिल्लो आर्थिक वर्षमा १५ वटा वडा सो कार्यक्रम सुरु गरिएको थियो । यसवर्ष ११ वटा वडा थपिएका हुन् । अब छवटा वडामा कार्यक्रम कार्यान्वयन हुन बाँकी रहेको कामपाको उपप्रमुख सुनिता डंगोलले जानकारी दिइन् ।

शुक्रबार राष्ट्रिय सभागृहमा आयोजना गरिएको एक औपचारिक कार्यक्रममा उपप्रमुख डंगोलले गत आर्थिक वर्षमा उद्यमी बन्नुभएका सहभागी र प्रशिक्षकलाई प्रमाणपत्र वितरण गर्दै चालु आर्थिक वर्षको तालिम कार्यक्रम शुभारम्भ गरेकी हुन् ।

उनले उत्पादित सामानको बजारीकरणका लागि वडास्तरीय कोसेलीघर स्थापना गरिएको जानकारी दिइन् ।

गत वर्ष कामपाको वडा नं १ र ३० को नमूना उद्यम गुन्द्रुक र मस्यौरा थियो भने वडा नं २ को मस्यौरा र तितौरा, वडा नं ३ र ४ को फेल्टको सामान, वडा नं ५ को सेरामिक्सका सामान बनाउने, वडा नं ७ को क्रिष्टल तथा पोतेको गहना बनाउने उद्यम थिए ।

त्यसैगरी वडा नं ८ मा दुना टपरी र रुद्राक्षको ढक्की बनाउने, वडा नं ९ मा रुद्राक्षको माला र धुप बनाउने, वडा नं. १० मा मस्यौरा र अचार बनाउने, वडा नं १२ मा सुकुल बनाउने, वडा नं १६ मा काष्ठकला, वडा नं २१ मा कटाँकी मूर्ति कुँद्ने, वडा नं २२ मा जुत्ता बनाउने, वडा नं २४ मा मखमलका सजावटका सामान बनाउने र वडा नं ३२ मा अचार बनाउने उद्यम सञ्चालनमा छन् ।

यस वर्ष थालिएका ११ वटा वडाहरू वडा नं ११, १५, १८, १९, २०, २३, २५, २७, २८, २९ र ३१ हुन् । यी वडामा क्रमशः ऊनका सामग्री तयार गर्ने, हाकुपटासी उत्पादन गर्ने, मरीचरी (मिठाइका परिकार) उत्पादन गर्ने, नेवारी वेशभूषा तयार गर्ने, सचिका (धागो), सुर्के थैली र रिबनका फूल बनाउने, पपेट बनाउने, ढाकाका कपडा सिलाउने, माटोबाट मखुण्डो तयार गर्ने, बेबीसेट र गाउन सिलाउने, यमरी, फ्रोजन मःमसहित खाद्यवस्तु उत्पादन र छालाको जुत्ता तयार गर्ने उद्यम सञ्चालन गरिने जनाइएको छ ।

# खुले सामुदायिक विद्यालय, भर्ना अभियान र पठनपाठन सुरू

**काठमाडौं / मस–** शिक्षकको आन्दोलनका कारण बन्द भएका विद्यालय शुक्रबारदेखि नियमित रूपमा सञ्चालनमा आएका छन् । बुधबार सरकार र आन्दोलनरत शिक्षक महासंघबीच सहमति भएपछि लामो समयदेखि बन्द भएका विद्यालय क्रमशः खुलेका छन् ।

विद्यालय खुलेसँगै भर्ना अभियान पनि सुरू भएको छ । विश्व निकेतन मावि त्रिपुरेश्वरका प्रधानाध्यापक हेरम्बराज कँडेलका अनुसार शुक्रबारदेखि नियमित पठनपाठन सुरू भएको छ । उनले शनिबार र बिदाको दिन पनि नियमित रूपमा विद्यालय सञ्चालन गर्ने र अवरूद्ध भएको शैक्षिक कार्यक्रमलाई गति दिने जानकारी दिए ।

बिहीबार विश्व मजदुर दिवसको दिन पनि कक्षा ११ को पठनपाठन गरिएको उल्लेख गर्दै उनले शुक्रबारदेखि भने कक्षा १ देखि १० सम्म नियमित भएको बताए । सो विद्यालयले प्रवेश परीक्षामार्फत छ सय जना नयाँ विद्यार्थी भर्ना गरेको छ । प्रवेश परीक्षामा दुई हजार ७०० विद्यार्थी सहभागी भएका थिए ।

'हामी विद्यार्थी र अभिभावकप्रति जिम्मेवार छौँ, संवेदनशील पनि छौँ । सार्वजनिक बिदाको दिनमा पनि कक्षा सञ्चालन गरेर शैक्षिक कार्यक्रम समयमै सम्पन्न गर्छौं', कँडेलले भने ।

त्यस्तै, कक्षा १२ को परीक्षा यही वैशाख २१ गतेदेखि सञ्चालन हुने भएको छ । राष्ट्रिय परीक्षा बोर्डले परीक्षाको तयारीको काम चलिरहेको र शनिबारसम्म सबै काम सम्पन्न हुने जनाएको छ । शिक्षकको आन्दोलनका कारण यही वैशाख ११ गतेदेखि हुने भनिएको परीक्षा सरेको थियो ।

# दुर्घटना न्यूनीकरणका लागि बजेट विनियोजन गर्न माग

**काठमाडौं / मस–** देशभरका यातायात व्यवसायीको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले सवारी दुर्घटना न्यूनीकरणका लागि आवश्यक बजेट विनियोजन गर्न सरकारसँग माग गरेको छ ।

महासंघका वरिष्ठ उपाध्यक्ष पुण्यप्रसाद सिटौला नेतृत्वको टोलीले शुक्रबार उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई भेटेर दुर्घटना न्यूनीकरण गर्नका लागि आगामी आर्थिक वर्ष २०८२/८३ मा आवश्यक बजेट विनियोजन गर्न माग गरेको हो ।

दुर्घटनाको वार्षिक तथ्यांक हेर्दा दुई पांग्रे र चार पांग्रे निजी सवारीसाधनबाट लगभग ७९ प्रतिशत दुर्घटना भएको प्रमाणित भएको भन्दै न्यूनीकरणका लागि आवश्यक बजेट विनियोजनका लागि महासंघले माग गरिएको उपाध्यक्ष सिटौलाले बताए ।

उनले लामो समयदेखि सञ्चालनमा नरहेका, बिग्रिएर रहेका, पत्रु अवस्थामा रहेका हजारौँ निजी र सार्वजनिक सवारीसाधनको तथ्यांक यातायात व्यवस्था कार्यालयमा रहेका उल्लेख गरे । प्रत्येक वर्ष कर वृद्धि भइ सम्बन्धीत सवारी धनीले लागत कट्टा गर्न नसक्ने अवस्था भएकाले एक आवको सबै कर लिई अन्य आवको कर छुट तथा लागत कट्टा गर्ने व्यवस्था मिलाउन माग गरिएको उनको भनाइ छ ।

महासंघका महासचिव डेकनाथ गौतमले सवारी बिमा दर निर्देशिका, २०७३ लाई समयअनुकूल संशोधन गर्ने व्यवस्था मिलाउन सरकारसँग आग्रह गरिएको जानकारी दिए ।

महासंघले सरकारले सार्वजनिक यात्रुवाहक सवारीसाधनमा विद्यार्थी, ज्येष्ठ नागरिक, अपाङ्ग भएका व्यक्तिलाई छुटको व्यवस्था गरेबापत सरकार र महासङ्घबीच भएको तत्कालीन सम्झौताअनुसार वार्षिक रूपमा यात्रुवाहक सवारीलाई ६० प्रतिशत कर, रुट परमिट र वार्षिक करमा छुट दिने व्यवस्था गरिएकामा सम्झौता कार्यान्वयन नभएको भन्दै उक्त व्यवस्था यथाशीघ्र लागू गर्नसमेत सरकारसँग माग गरेको छ ।

## परम्परागत...

शुक्रबार प्रस्तुत गरिएको नीति तथा कार्यक्रममाथि प्रतिनिधिसभामा ६ दिन छलफल हुने छ । प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले २२-२६ वैशाखसम्म छलफल हुने र २८ गते सांसदहरूले उठाएका प्रश्नहरूको प्रधानमन्त्री केपी शर्मा ओलीले जवाफ दिने कार्यसूची रहेको जानकारी दिए ।

छलफल दलीय प्रतिनिधित्वमा आधारमा गरिने सभामुख घिमिरेको भनाइ छ । नीति तथा कार्यक्रमसम्बन्धी छलफलमा भाग लिने सांसदहरूको नाम सम्बन्धित दलका पदाधिकारीले संसद् बैठक प्रारम्भ हुनुभन्दा १ घण्टा अगावै कार्य व्यवस्था शाखा प्रतिनिधिसभा संघीय संसद् सचिवालयमा उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको घिमिरेले जानकारी दिए ।

## सांसदहरूको...

त्यस्तै, पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले सरकारले नीति तथा कार्यक्रमले गुणात्मक परिवर्तनको मौका गुमाएको टिप्पणी गरेका छन् । 'गुणात्मक महत्त्वका परिवर्तनका कुराहरू आउँछन् कि भन्ने मेरो अपेक्षा थियो तर मैले त्यस्तो पाइनँ', भट्टराईले भने, 'पहिलेकै निरन्तरतामा यो आयो । अहिलेको निम्ति त्यति पर्याप्त छैन । फेरि बजेटमा कस्तो व्यवस्था भएर आउँछ भन्ने हेर्न बाँकी छ ।'

अर्थशास्त्री एवं रास्वपाका नेता डा. स्वर्णिम वाग्लेले 'थाकेको सरकारले ल्याएको बासी कार्यक्रम'को संज्ञा दिएका छन् ।

सत्ता पक्षकै सांसद अर्जुननरसिंह केसीले समेत सरकारको नीति तथा कार्यक्रमले आशा र भरोसाको वातावरण सिर्जना गर्न नसकेको टिप्पणी गरे । 'कमजोर नै छ त भन्दिनँ । जुन खालको दह्रो आँटसहित यो समयसीमाभित्र यसरी जान्छौं भन्ने आशा र भरोसाको वातावरण सिर्जना गर्नुपर्ने हो, त्यो मैले देखिनँ', उनले भने । नीति तथा कार्यक्रमको प्रतिबद्धता र दृढता मुख्य कुरा भएको उनको भनाइ छ । तर, सरकारका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सरकारले ल्याएको नीति तथा कार्यक्रम योग्य भएको बताए । 'कार्यक्रम आउँछन् तर कार्यान्वयन हुँदैनन् भन्ने कुरा पनि आउँछन् । तर, सरकारले अघि सारेको कार्यक्रम सम्भवयोग्य छन् । सरकारले योजना बनाएरै ल्याएको छ', अधिकारीको भनाइ छ ।

## समेटिएका...

विधेयक, वैकल्पिक विकास वित्त परिचालनसम्बन्धी विधेयक, भूमिसम्बन्धीसहित ९ विधेयक पारित गर्ने ।

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सेन्टर अफ एक्सिलेन्सका रूपमा विकास गरेर सार्वजनिक सेवा र विकास प्रशासनलाई थप प्रभावकारी र नतिजामुखी बनाइने । कार्यसम्पादनका आधारमा गरिने मूल्यांकनलाई वृत्ति विकासमा आवद्ध गरिने ।
- संविधानको समीक्षा गरी आपसी समझदारीसहित संविधानमा रहेका कमीकमजोरी सच्याएर आवश्यक संशोधन गर्ने ।
- राजनीतिक स्थिरतालाई निरन्तरता दिँदै विकास निर्माणका क्रममा देखिएका कमजोरीलाई सुधार गर्न ढाँचा परिवर्तन गर्ने, विगतमा घोषणा गरिएका विकासका कार्यक्रमलाई पुनः प्राथमिकीकरण गर्ने, स्रोत सुनिश्चितता गरी सम्भावना नभएका आयोजना स्थगित गर्ने र खारेज गर्ने ।
- संस्थागत-सामुदायिक विद्यालय साझेदारी कार्यक्रम लागू गरी संस्थागत विद्यालयहरूको सहभागितामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याइने ।
- स्वास्थ्य क्षेत्रको जनशक्ति आपूर्ति सुनिश्चित गर्न माध्यमिक शिक्षा पूरा गरेका विद्यार्थीका लागि २ वर्षे जनरल नर्सिङ कार्यक्रम संचालन गरिने ।
- 'जेन जी' पुस्तालाई प्राथमिकतामा राखिने र उद्यमशीलताका माध्यमबाट आन्तरिक रोजगारी सिर्जना गरी आय आर्जनका अवसरहरू वृद्धि गरिने । सबै उद्यममा बिजनेस प्लान र त्यसको इको सिस्टम सुनिश्चित गरी जेन जी पुस्तालाई विशेष प्राथमिकतामा राखी युवा केन्द्रित स्टार्टअप कार्यक्रम सुरु गरिने ।
- वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन नीति, कानुन तथा कार्यविधि संशोधन र तर्जुमा गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारका मागअनुसार सीपयुक्त जनशक्ति तयार गर्न राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको भूमिका विस्तार गरिने ।
- सबै प्रकृतिका रोजगारीमा संलग्नहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध गर्ने, कम्पनी, संस्था, सहकारी, फर्म वा अन्य संगठित संस्थाको नवीकरण गर्दा श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराई नियमित योगदान गरेको प्रमाण संलग्न गर्नुपर्ने कानुनी व्यवस्था गरिने ।
- युवाहरूको शारीरिक र मानसिक विकासका लागि नियमित खेलकुद संचालन र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरु संघ, प्रदेश, स्थानीय तह र खेल संघको सहकार्यमा स्पोर्ट्स स्कुल कार्यक्रम गरिने । विद्यालयदेखि खेलकुद तालिम, प्रशिक्षक र खेलाडी प्रोत्साहनका कार्यक्रमहरू संचालन गरिने ।

## प्राथमिकतामा...

सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेका मुख्य सचेतक महेश बर्तौला संविधान संशोधनको विषय आफैंमा महत्त्वपूर्ण भएकाले राष्ट्रिय स्वीकारोक्तिका लागि सरकारले पहल लिइरहेको बताउँछन् । उनी भन्छन्, 'हामी राष्ट्रिय स्वीकारोक्तिको एउटा परिस्थिति विकास गर्छौं । उपयुक्त समय आएपछि संविधान संशोधनको प्रक्रिया अगाडि बढ्छ ।'

संविधान प्रारम्भ भएको १० वर्ष भयो । संविधानले नै संघीय संसद्ले संविधान प्रारम्भ भएको १० वर्षपछि पुनरावलोकन गर्ने भनेको छ । यही व्यवस्थालाई प्रमुख आधार बनाएर कांग्रेस र एमालेले ७ बुँदे समझदारी गरेका हुन् ।

समझदारीको बुँदा नम्बर २ मा भनिएको छ, 'सरकारले संविधान प्रारम्भ भएपश्चात् अभ्यासमा देखापरेका सबल पक्ष र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकूलको कानुन निर्माण गर्ने विषयलाई प्राथमिकता दिने ।'

तर, संसदीय अंकगणितको सुनिश्चितता नहुँदा सरकार बनेको १० महिनासम्म संविधान संशोधनको विषयमाथिको छलफलले कुनै आकार लिन सकेको छैन । यो बेला सरकारले नीति तथा कार्यक्रममार्फत नै संविधान संशोधन प्रक्रिया अगाडि बढाउने प्रतिबद्धता जनाएको हो ।

## वैदेशिक ...

चालू आर्थिक वर्षको नीति कार्यक्रममा श्रम कूटनीतिलाई थप सक्रिय बनाउँदै विभिन्न मुलुकसँगको श्रम सम्झौताको पुनरावलोकन तथा थप गन्तव्य मुलुकसँग श्रम सम्झौता तथा समझदारी गरिने उल्लेख छ । तर आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा श्रम सम्झौताको विषय भने उल्लेख छैन ।

## सामाजिक...

त्यस्तै जुनसुकै सेवा सर्तमा रोजगारीमा संलग्नहरू सबै प्रकृतिकालाई अनिवार्य रूपमा योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने गरी कोषको भूमिका र दायरालाई विस्तार गरिने भन्दै नीति कार्यक्रमले कम्पनी, संस्था, सहकारी, फर्म वा अन्य संगठित संस्थाको नवीकरण गर्दा श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराइ नियमित योगदान गरेको प्रमाण संलग्न गर्नुपर्ने कानुनी व्यवस्था गरिने उल्लेख गरेको छ ।

त्यस्तै बीमा प्रणालीमाथिको व्ययभार न्यून गर्न सरकारद्वारा उपलब्ध गराइने अत्यावश्यक औषधिहरू बीमा प्रणालीमा जोडिनेछ । छरिएका सबै स्वास्थ्य सेवालाई एकीकृत गरी स्रोतको अभावलाई सम्बोधन गर्न सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोषलगायत सबै स्वास्थ्य सेवा र उपचार सुविधा दिने संस्थाहरूको सेवा प्रभावकारी बनाइने पनि नीति तथा कार्यक्रममा उल्लेख छ ।

## केआईआईटीका...

जबाफदेहितामाथि गम्भीर प्रश्न उठाएको त्यहाँ अध्ययनरत नेपाली विद्यार्थीहरू बताउँछन् ।

**केआईआईटीको ठहर : आत्महत्या**

घटनाको प्रहरीले अनुसन्धान गरिरहेकै बेला विश्वविद्यालय प्रशासनले भने साहले आत्महत्या गरेको दाबी गरेको छ ।

विश्वविद्यालयले साहको मृत्युलाई आत्महत्या भन्दै विज्ञप्ति पनि निकालेको छ । विश्वविद्यालयका रजिस्ट्रारले हस्ताक्षर गरेको विज्ञप्तिमा भनिएको छ, 'बी. टेक. कम्प्युटर साइन्समा पहिलो वर्षमा अध्ययनरत प्रिसा साहले आत्महत्या गरेकी छन् । कलेजमा अध्ययनरत एक नेपाली छात्राको आत्महत्याको घटनाले हामीलाई गहिरो दुःख लागेको छ ।'

घटना थाहा पाउनासाथ कलेज प्रशासनले प्रहरीलाई खबर गरेको र त्यसपछि छात्रालाई किम्स अस्पताल लगिएको थियो, जहाँ चिकित्सकले मृत घोषित गरेको विज्ञप्तिमा उल्लेख छ ।

विश्वविद्यालयले मृतक विद्यार्थीको परिवारलाई घटनाबारे जानकारी गराइएको र प्रहरीको अनुसन्धानमा पूर्ण सहयोग गर्ने बताएको छ ।

**सहयोगको आश्वासन**

घटनाबारे दुःख व्यक्त गर्दै उडिसा सरकारले शोक सन्तप्त परिवारप्रति समवेदना प्रकट गरेको छ र सबै सहयोगको आश्वासन दिएको छ ।

उडिसा सरकारको सूचना तथा जनसम्पर्क विभागले दुःखको यस घडीमा राज्य सरकारले मृतकको परिवारलाई सहयोग गर्ने आश्वासन दिएको छ ।

घटनाका विषयमा प्रहरी आयुक्त र राजस्व डिभिजनल कमिस्नरलगायत वरिष्ठ अधिकारीहरूले घटनाको अनुसन्धान गरिरहेका पनि विभागले जनाएको छ ।

यस्तै, भारतको राष्ट्रिय मानवअधिकार आयोगले पनि घटनाका बारेमा चासो दिएको छ । आयोगकी सदस्य प्रियांक कानुनगोले घटनाप्रति चासो जनाउँदै गत फेब्रुअरीमा भएको यस्तै प्रकृतिका घटनामा आयोगले जारी गरेको सिफारिसलाई कार्यान्वयन गर्न ध्यानाकर्षण गरेकी छन् ।

यसैबीच घटनाका बारेमा दिल्लीस्थित नेपाली दूतावासले केआईआईटीका प्रतिनिधिसँग सोधपुछ गरेको छ । दूतावासले शुक्रबार केआईआईटीका प्रतिनिधिलाई दूतावासमै बोलाएर घटनाका बारेमा सोधपुछ गरेको थियो ।

दूतावासले केआईआईटीमा रहेका नेपाली विद्यार्थीलगायत भारतको केन्द्रीय सरकार एवं उडिसाको मुख्यमन्त्री कार्यालय तथा अन्य सम्बन्धित भारतीय निकायहरूसँग निरन्तर सम्पर्कमा रहेको जनाएको छ ।

राजदूत डा. शंकर शर्माले उडिसाका मुख्यमन्त्री मोहनचरण माझी तथा प्रदेशका प्रमुख सचिवलाई सम्पर्क गरी घटनाको निष्पक्ष छानबिन गर्न आग्रह गरेका छन् । घटनाको उडिसा सरकारले पनि दुःख व्यक्त गरेको छ ।

भारतको विदेश मन्त्रालयले प्रिसाको मृत्यु भएकामा दुःख व्यक्त गर्दै घटनाको विषयमा उडिसा राज्य सरकारसँग निरन्तर सम्पर्कमा रहेको र राज्य सरकारले मृतकको परिवारलाई पूर्ण सहयोग प्रदान गर्ने जनाएको छ । घटनाको उडिसा प्रहरीले गहन अनुसन्धान गरिरहेको पनि मन्त्रालयले विज्ञप्ति जारी गरी बताएको छ ।

'घटनाको निष्पक्ष जाँचका लागि भारतमा रहेका नेपाली अधिकारी, उडिसा राज्य सरकार र सबै पक्षसँग सम्पर्कमा छौं', विज्ञप्तिमा भनिएको छ ।

**को हुन् प्रिसा ?**

वीरगंजकी १८ वर्षीया साह बी. टेक. प्रथम वर्षमा अध्ययनरत थिइन् । वीरगन्जबाट कक्षा १० सम्मको पढाइ पूरा गरेकी उनी कक्षा ११ र १२ काठमाडौंको केएमसीमा पढेकी थिइन् । उनी १ वर्ष अगाडि मात्र केआईआईटीमा बी. टेक. पढ्न गएकी थिइन् ।

केही समय अगाडि अर्की नेपाली विद्यार्थी प्रकृति लम्सालको त्यही विश्वविद्यालयमा मृत्यु भएको घटनापछि अन्य थुप्रै नेपाली विद्यार्थी जस्तै उनी पनि घर फर्किएकी थिइन् । त्यतिबेला उनले लम्सालको न्यायका लागि वीरगंजमा भएको प्रदर्शनमा पनि भाग लिएकी थिइन् ।

त्यतिबेला प्रिसालाई बुबा श्यामबाबु साहले भारत नफर्किन र क्रेडिट ट्रान्सफर गरेर नेपालमै पढ्न सुझाएका थिए । तर, उनले पहिलो वर्षको परीक्षा सकेपछि भारतकै बैंगलोरमा पढ्न जाने इच्छा राखेकी थिइन् ।

गत ४ फागुनमा केआईआईटीमै अध्ययनरत २० वर्षीया नेपाली छात्रा प्रकृति लम्साल पनि छात्रावासमै आत्महत्या गरेकी थिइन् । त्यतिबेला विद्यार्थीहरूले लम्सालको मृत्युको सत्यतथ्य छानबिन गर्न माग गर्दै प्रदर्शन गरेपछि स्थिति तनावग्रस्त बनेको थियो ।

रुपन्देहीको भैरहवाकी लम्सालले आफूमाथि मानसिक दुर्व्यवहार र ब्ल्याकमेल भएकोबारे प्रशासनमा उजुरी पनि दिएकी थिइन् । तर, लम्सालको उजुरीलाई विश्वविद्यालयले गम्भीरतापूर्वक नलिएपछि लम्साल आत्महत्या गर्न बाध्य भएकी थिइन् ।

लम्सालको मृत्युको घटनामा जोडिएका १ भारतीय छात्रविरुद्ध आत्महत्या दुरुत्साहनसम्बन्धी उजुरी दर्ता भएपछि उनी अहिले जेलमा छन् ।

दूतावास तथा विद्यार्थीहरूका अनुसार केआईआईटीमा लगभग ७०० जना नेपालीहरू कम्प्युटरदेखि व्यवस्थापनसम्मका विषय पढ्दै आएका छन् ।

मध्यान्ह
www.madhyanhadaily.com



# सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा लगानी बढाउन प्रधानमन्त्रीको आग्रह



**काठमाडौं /मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा सडक, विद्युत्लगायत पूर्वाधारको विकास भएकाले सूचना तथा प्रविधिको क्षेत्रमा लगानी गर्न वैदेशिक लगानीकर्तालाई आग्रह गरेका छन् ।

राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस, २०८२ का अवसरमा शुक्रबार सूचना तथा सञ्चार प्रविधि मन्त्रालयद्वारा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले नेपाललाई आधुनिक र प्रविधिमय बनाउन हरेक दिन एक पाइला अगाडि भन्ने सोचका साथ काम गर्न आग्रह गरे । उनले मुलुकको सुशासन, विकास र सहज सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको अधिकारलाई विस्तार गर्दै थप उपलब्धि हासिल गर्नुपर्ने बताए ।

'हाम्रो मुलुक उर्बर र जीवनमय छ । यहाँ लगानीको प्रचुर सम्भावना छ । हामी हाम्रै पालामा केही गर्न सक्छौं भन्ने आत्मविश्वासका साथ काम गरौं । हाम्रो यात्रा अग्रगामी कदमतर्फ अवश्य बढ्नेछ', प्रधानमन्त्री ओलीले भने, 'शिक्षालगायत हरेक क्षेत्रमा सूचना र प्रविधिको प्रयोग बढ्दै गएको छ । एसइइमा ५२ प्रतिशत विद्यार्थी अनुत्तिर्ण हुने अवस्था अन्त्यका लागि व्यक्तिगत पहलमा पनि गत वर्षदेखि अनलाइन माध्यमबाट महत्वपूर्ण विषयमा कक्षा सञ्चालन गरियो । विद्यार्थीहरुको भविष्य अन्धकारमा पार्नु हुन्न भनेर गरिएका यस्ता कामलाई प्रोत्साहन गर्नुपर्छ ।'

प्रधानमन्त्री ओलीले अब आफ्नै सुरक्षासहितको डेटा प्रणाली कायम गर्नुपर्नेमा जोड दिँदै व्यवस्था परिवर्तनपछि अवस्थामा परिवर्तन भएन भन्नेहरुका लागि सूचना प्रविधिको विकास आफैमा जवाफ भएको टिप्पणी गरे । 'एक लाइन टेलिफोन पाउन मन्त्रीको तोक लगाउनुपर्ने अवस्थाबाट हामी धेरै अघि बढिसकेका छौं । अन्तरक्षिमा पनि आफ्नै स्याटेलाइट पठाउने प्रयास सुरू भएको छ । यस क्षेत्रमा नयाँ पुस्ताका एक सय एक हस्ती तयार भइसकेका छन्', उनले भने,'हामी आत्मविश्वासका अघि बढौं । सूचना प्रविधिका क्षेत्रमा थप दक्ष जनशक्ति उत्पादन र तालिममा जोड दिँदै जानोछौं । अब मुलुकको समृद्धिका लागि कुनाकुनाका जनजनमा विकास र सुशासनका लागि सूचना तथा सञ्चार प्रविधिको विस्तार र प्रयोगमा जानुपर्छ । सूचना र प्रविधिको दुरुपयोग गरेर मान्छेको हुर्मत लिने प्रवृत्तिबाट चाँही सचेत हुनुपर्छ ।'

कार्यक्रममा प्रधानमन्त्री ओलीले बागमती प्रदेश सरकारको सवारी चालक अनुमतिपत्र (लाइसेन्स) र सवारी धनी प्रमाणपत्र (ब्लु बुक)लाई नागरिक एपमा आबद्ध गर्ने कार्यको शुभारम्भ गरे । कार्यक्रममा राष्ट्रिय सूचना प्रविधि अवार्डबाट प्रा.डा.शशीधर राम जोशीसहित विभिन्न व्यक्ति र संस्थालाई पुरस्कृत गरिएको थियो ।

# 'राजावादी आन्दोलनमा भारतको समर्थन छैन'




**काठमाडौं /मस–** नेपाल भ्रमणमा रहेका भारतीय जनता पार्टी (बिजेपी) का विदेश विभाग प्रमुख विजय चौथाईवालाले उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुन अनन्तसँग भेटघाट गरेका छन् ।

मन्त्री पौडेलसँग भएको भेटमा २ देशको आपसी हितका बारेका कुराकानी भएको छ । यस्तै भारतीय नेता चौथाइबालले माओवादी केन्द्रका उपमहासचिव पुनसँग भेटेका छन् ।

भेटका क्रममा चौथाईवालेले नेपालमा केही समयअघि सुरु भएको राजावादी आन्दोलनमा भारतको कुनै सहयोग, समर्थन र सदभाव नरहेको बताए । 'भारत राजतन्त्रको पक्षमा छैन र त्यसका लागि भएका आन्दोलनमा सहयोग, समर्थन, सदभाव र छैन', चौथाईवालेको भनाइ उद्धृत गर्दै पुनको सचिवालयले भनेको छ ।

यस्तै भारतको जम्मू-कश्मीरको पलगाममा भएको हमलाप्रति नेपाल सरकार, नेपालका राजनीतिक दल तथा नागरिक तवरबाट निन्दा भएकोप्रति चौथाईवालेले खुसी व्यक्त गरेका छन् ।

आक्रमणमा नेपाली नागरिक सुदीप न्यौपानेसहित २७ जनाको ज्यान नगएको थियो । 'आतंकवादविरुद्ध नेपालले जनाएको ऐक्यबद्धताप्रति सराहना गर्न चाहन्छु', चौथाइवालेले पुनसँग भनेको सचिवालयले जनाएको छ ।

चौथाइवालेसँग माओवादी केन्द्र र भाजपाबीचको सम्बन्धबारे पनि कुराकानी भएको छ ।

त्यस क्रममा चौथाइवालेले नेपाल-भारत सम्बन्ध सुदृढ गर्न पूर्ववर्ती पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले खेलेको भूमिकाको पनि प्रशंसा गरेका छन् ।

३ दिने नेपाल भ्रमणको सिलसिलामा बुधबार काठमाडौं आएका चौथाईवालेले प्रधानमन्त्री केपी ओली, पूर्वप्रधानमन्त्रीहरू कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, परराष्ट्रमन्त्री डा. आरजु राणा, कांग्रेस महामन्त्री गगन थापा, नेता डा. शेखर कोइराला, उदयशमशेर राणा, गृहमन्त्री रमेश लेखक र नेता एनपी साउद, माओवादी केन्द्रका नेता जनार्दन शर्मासँग भेटेका थिए ।

# 'आठौं तह सरह भत्ता नदिने मेडिकल कलेजको सम्बन्धन खारेज हुन सक्छ'



**काठमाडौं /मस–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले स्वास्थ्य मन्त्रालयको आठौं तह सरह आवासीय चिकित्सकलाई भत्ता नदिने निजी मेडिकल कलेजहरुलाई मन्त्रालयबाट दिइने कुनैपनि सुविधा नदिने बताएका छन् ।

शुक्रबार मन्त्रालयमा चिकित्सक संघसँग उनीहरुका माग सम्बन्धमा आयोजना गरिएको पत्रकार सम्मेलनमा बोल्दै मन्त्री पौडेलले यस्तो चेतावनी दिएका हुन् । उनले चिकित्सा शिक्षा आयोगको माघ २५ गतेको बैठकले आवासीय चिकित्सकहरुलाई निर्वाह भत्ता स्वरुप स्वास्थ्य मन्त्रालयको आठौं तह सरह भत्ता दिने भनेर निर्णय गरेको र उक्त निर्णय मान्नैपर्ने बताए ।

उनले चिकित्सा शिक्षा आयोगले गरेको यो निर्णय कार्यान्वयन गर्नैपर्ने बताए । उक्त निर्णय नमान्ने हो भने राज्यसँगका कुनैपनि सम्बन्ध रहने स्थिति नहुने उनले बताए । सम्बन्धन नै पनि खारेज हुने स्थिति आउने उनले चेतावनी दिए । हप्तामा ७२ घण्टा काम गरे पुग्ने स्थिति बनाउन, किरिया बिदा, सरकारी बिदा दिने कुराको व्यवस्थापन गर्न पनि मन्त्रालय सकारात्मक रहेको उनले बताए । मन्त्री पौडेलले चिकित्सा शिक्षा आयोगले गरेको निर्णय स्वास्थ्य मन्त्रालयले कार्यान्वयन गर्ने बताए । उनले मन्त्रालयसँग सम्बन्धित सबैलाई कार्यान्वयन गर्न निर्देशन दिने बताए ।

# कतारमा नेपाली महिलाले सञ्चालन गरेको कम्पनीलाई 'सीएसआर अवार्ड'

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १९ वैशाख




महोत्तरीको जलेश्वरकी यास्मिन नाजले कतारमा सञ्चालन गरेको कम्पनीले प्रतिष्ठित 'कतार सीएसआर अवार्ड -२०२५' प्राप्त गरेको छ ।

दोहामा बुधबार साँझ आयोजित सीएसआर समिटका अवसरमा नाजको कम्पनी क्युएसटी ट्रेनिङ एन्ड कन्सल्टेन्सीले उक्त अवार्ड प्राप्त गरेको हो । योसँगै यासमिनको कम्पनी सीएसआर अवार्ड प्राप्त गर्ने पहिलो नेपाली स्वामित्वको कम्पनी समेत बनेको छ ।

सीएसआर प्रमुख डा.सैफ अलि अलहजरीले यासमिनलाई उक्त अवार्ड प्रदान गरेका थिए । उक्त अवार्ड कतारको सामाजिक क्षेत्रमा योगदान पुऱ्याउने कम्पनी तथा संस्थाहरूलाई कतारका प्रधानमन्त्री तथा विदेश मन्त्री मोहम्मद बिन अब्दुल रहमान बिन जासिम अल थानीको संरक्षणमा कतार विश्वविद्यालयले वितरण गर्ने गरेको छ ।

यो अवार्ड आफ्नो कम्पनीको मात्र नभइ नेपालकै लागि गर्वको विषय भएको यासमिनले मध्यान्ह राष्ट्रिय दैनिकलाई जानकारी दिइन् । 'हामीलाई विदेशमा हेर्ने दृष्टिकोण फरक छ, तर यसले हामी पनि अब्बल, सक्षम अनि सबै कुराको हकदार हौं भन्ने सन्देश दिएको छ र यो नेपालकै लागि गर्वको विषय हो'नाजले भनिन् । नाजको कम्पनीले कतारमा रहेका नेपालसहित भारत, फिलिपिन्स, श्रीलंका, अफ्रिका लगायतका विभिन्न देशका विभिन्न क्षेत्रमा कार्यरत कामदारहरूलाई सशुल्क तथा निःशुल्क रूपमा सीपमूलक र वृत्ति विकासका लागि तामिल प्रदान गर्दै आएको छ ।

# विद्यालय कर्मचारी परिषद्द्वारा आन्दोलनको घोषणा




**काठमाडौं /मस–** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल शिक्षक महासंघबीच भएको ९ बुँदे सहमतिमाथि असन्तुष्ट व्यक्त गर्दै नेपाल विद्यालय कर्मचारी परिषद्ले आन्दोलनको घोषणा गरेको छ । काठमाडौंमा २७ दिनदेखि जारी आन्दोलनपछि शिक्षा मन्त्रालय र महासंघका पदाधिकारी वैशाख १७ गते ९ बुँदेसहित भइ आन्दोलन स्थगित गरिएको थियो ।

तर विद्यालय कर्मचारी परिषद्ले विभिन्न शिक्षक संस्थाका अध्यक्षहरूलाई मुकदर्शक बनाएर गरिएको धोकापूर्ण वार्ता गरिएको भन्दै विरोध जनाएको छ । परिषद्ले महासंघ र सरकारलाई बुझाएको संस्थागत धारणाको मर्मअनुरूप विपरित हुनेगरी तथा विद्यालय कर्मचारीको अल्पमतलाई पूर्णरूपमा बेवास्ता गर्दै एकलौटी गरेको आरोप लगाएको छ । पत्रकार सम्मेलनमा नेपाल विद्यालय कर्मचारी परिषद्का महासचिव शान्तिनाथ योगीले परिषद्ले महासंघको नेतृत्वले निजामती सरहको ग्रेड मिलान, स्थायी र सबै प्रकारका शिक्षकहरूका लागि दुर्गम भत्ता प्राप्त गर्ने, मर्यादाक्रममा शिक्षकलाई राख्ने, निमावि प्रथम श्रेणीका शिक्षकको तलब ग्रेड मा.वि. द्वितीय श्रेणीको शिक्षक सरह हुने लगायतका सहजातिय सेवा सुविधाजन्य गतिविधिमा तिब्र लबिङ गरेर विद्यालय कर्मचारीलाई सडकमै बिना सूचना छाडिदिएको भन्दै आपत्ति जनाएको जानकारी दिए ।

विद्यालय कर्मचारी परिषद्ले शिक्षक कर्मचारीबीचको विभेद अन्त्य गर्नुपर्ने, हालसम्मका सहमतिहरू कार्यान्वयन गर्नुपर्ने, विद्यालय कर्मचारीको बिरामी बिदा सञ्चित गराउनुपर्ने, तलबमान कायम गराउनुपर्ने, विद्यालय कर्मचारीलाई पनि दुर्गम भत्ता उपलब्ध गराउनुपर्ने, तोकिएको समयमै शिक्षा ऐन जारी गराउनुपर्ने र सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्नुपर्ने माग राखेको छ । विद्यालय कर्मचारी परिषद्का अध्यक्ष गंगाराम तिवारीले शिक्षक महासंघले विद्यालय कर्मचारीको सेवा सुविधालाई बेवास्ता गरेर आफ्ना ग्रेड समायोजन र दुर्गम भत्ताको कुरा ल्याएको बताए ।

उनले सरकार र महासंघबीच भएको एकलौटी सहमतिलाई कदापि स्वीकार नगर्ने चेतावनी दिनुभयो । उनले विगतका दिनमा ३९ दिन माईतीघरमा बसेर सरकारसँग सहमति गरेको स्मरण गर्दै सरकार र महासंघलाई विद्यालय कर्मचारीको तागत देखाइसकेको जिकिर गरे ।

उनले भने, 'उहाँहरूले एक लाख तलब पाउनुस्, हामीलाई आपत्ति छैन । हाम्रो सेवा सुविधालाई लात हानेर आफ्ना ग्रेड समायोजन गर्ने, दुर्गम भत्ताका कुरा ल्याउने, त्यो पनि कहीँ हुन्छ । यो हामी कदापि मान्दैनौं । हामीले विगतका दिनमा सरकार र महासंघका देखाइसकेका छौं, नेपाल विद्यालय कर्मचारी परिषद् पनि शक्तिशाली छ भनेर, जब की ३९ दिन माईतीघरमा बसेर सरकारसँग सहमति गरेका छौं ।'

परिषद्ले आन्दोलनको लागि बब्बन मिश्राको संयोजकत्वमा १५ सदस्यीय आन्दोलन परिचालन समिति गठन गरेको छ । यस्तै वैशाख २१ गतेदेखि जेठ तीन गतेसम्म कालोपट्टी बाँधेर कार्यक्षेत्रमा काम गर्ने, जेठ ४ गते ७ सय ५३ वटै स्थानीय तहमा ध्यानाकर्षण पत्र बुझाउने तथा आन्दोलनको बारेमा जानकारी गराउने, जेठ ५ गते जिल्लागत आन्दोलन परिचालन समिति गठन गर्ने, जेठ ६ गते ७७ वटै शिक्षा विकास तथा समन्वय इकाईमा आन्दोलनको जानकारीसहित ध्यानाकर्षण पत्र बुझाउने निर्णय गरेको छ । त्यस्तै जेठ ७ गते ७ वटै प्रदेशमा आन्दोलनको जानकारी गराउने र ध्यानाकर्षण सहित सामाजिक विकास मन्त्रालयमा पत्र बुझाउने र जेठ १० गतेदेखि काठमाडौंस्थित माइतीघर मण्डलामा सडक आन्दोलन शुरु गर्ने विद्यालय कर्मचारी परिषद्ले जनाएको छ ।

# 'सशस्त्र प्रहरी बल विपद् उद्धारमा अब्बल बन्दै गएको छ'



**मनाङ /मस–** गृहमन्त्री रमेश लेखकले हरेक स्थानमा हुने विपद्मा उद्धार र सीमा सुरक्षामा सशस्त्र प्रहरी बल अब्बल बन्दै गएको बताएका छन् । शुक्रबार आयोजित सशस्त्र प्रहरी बल नेपाल पर्वतीय उद्धार तालिम शिक्षालयबाट प्रशिक्षित प्रशिक्षार्थीको दीक्षान्त समारोहमा उनले विपद्मा उद्धार गर्ने कार्यले देश तथा विदेशका मानिसको विश्वास र भरोसा बढाउँदै गएको बताएका हुन् ।

गृहमन्त्री लेखकले भने, 'सीमा सुरक्षा, विपद्बाट मानिस आक्रान्त भएको अवस्थामा सशस्त्र प्रहरीले खेल्ने भूमिका र योगदान सराहनीय छ । यही योगदानले सशस्त्र प्रहरी भरोसायोग्य बनेको छ । यसलाई थप उत्कृष्ट बनाउन लागिपरेका छौं ।'

उनले मनाङ स्वर्गको आभास गर्ने पर्यटकीय क्षेत्र भएकाले यहाँ हुने पर्वतीय जोखिम उद्धारमा सशस्त्रले सहयोग पुऱ्याउने गरी प्रशिक्षित गरिएकाले आगामी दिनमा स्थानीयका साथै पर्यटकलाई सहज हुने विश्वास व्यक्त गरे ।

विश्वकै जोखिमयुक्त मानिएको अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गतको पदमार्गमा आउने पर्यटकको यात्रा सुरक्षित बनाउन मद्दत पुग्ने भन्दै गृहमन्त्री लेखकले पर्यटन देशको अर्थतन्त्रलाई वृद्धि गर्ने महत्वपूर्ण क्षेत्र भएकाले यसलाई सुरक्षित बनाउन आवश्यक रहेकामा जोड दिए । 'यहाँ हुने पर्यटकीय गतिविधिले नै जिल्ला र देशको अर्थतन्त्रलाई टेवा पुग्छ । त्यसैले जोखिम मानिएको यस पदमार्गमा यात्रा गर्दा सुरक्षित छौं भन्ने आभास दिन सक्नुपर्छ', उनले भने,'अब यहाँबाट दीक्षित सशस्त्र प्रहरीले जोखिमयुक्त हिमालमा यात्रा गर्ने पर्यटकलाई सुरक्षित बनाउन थप महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास छ । विश्वको आकर्षणको केन्द्र मनाङको पर्यटन प्रवर्द्धनका लागि यात्रा सुरक्षित बनाउँदै पर्यटक आगमनलाई वृद्धि गर्न लाग्नुपर्छ ।'

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले उच्च पहाडी र हिमाली क्षेत्रमा हुने गरेका विपद् तथा जोखिममा यस तालिमले जिम्मेवारी थप भएको बताए । उनले जल उद्धारलाई जस्तै पर्वतीय उद्धारलाई प्राथमिकताका साथ अगाडि बढाउन आवश्यक रहेको धारणा राखे । अर्यालले भने, 'सुरक्षाको प्रत्याभूतिले नै पर्यटक आगमनमा वृद्धि गराउन सकिन्छ । गोताखोरलाई जसरी उद्धारमा जुटेका सशस्त्र प्रहरीलाई जस्तै पर्वतीय उद्धारमा खटिने प्रहरीलाई पनि सेवासुविधा सम्पन्न गर्न आवश्यक व्यवस्थापन गरिनुपर्छ । सरकारबाट व्यवस्थापन नहुँदासम्म कल्याणकारी कोषबाट भए पनि उद्धारमा खटिने सशस्त्र प्रहरीलाई रु एक हजार भत्ताको प्रबन्ध गरिने छ ।'

शिक्षालयबाट ४५ जना दीक्षित भएका छन् । दीक्षान्त समारोहमा कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारी, प्रतिनिधिसभा सदस्य एवं पूर्वराज्यमन्त्री टेकबहादुर घलेलगायतको उपस्थिति थियो ।

धादिङमा सशस्त्रको बीओपी स्थापना

धादिङको रुवीभ्याली गाउँपालिका-१ तिप्लिङमा सशस्त्र प्रहरी बल नेपालको बीओपी स्थापना भएको छ । गृहमन्त्री रमेश लेखकले बीओपीको उद्घाटन गरेका हुन् ।

धादिङ सदरमुकामबाट ७०-७५ किलोमटर टाढा र २२ सय मिटर उचाइमा रहेको यस बीओपी हाललाई सोही गाउँपालिकाले उपलब्ध गराएको भाडाको घरमा बसेको छ ।

सशस्त्र प्रहरीले उत्तरतर्फ दार्चुलाको तिंकर, हुम्लाको हिल्सा, मुस्ताङको नेचुङ, गोरखाको साम्दो, रसुवाको टिमुरे, सिन्धुपाल्चोकको तातोपानी र गुम्बा, दोलाखाको लामाबगर, संखुवासभाको किमाथांका, ताप्लेजुङको ओलाङचुङगोलामा बीओपी स्थापना गरिसकेको छ ।

योसँगै छिमेकी मुलुक चीनतर्फको सीमातर्फ ११ र भारततर्फको सीमामा २४४ गरी २५५ वटा बीओपी स्थापना भइसकेको सशस्त्रका सहप्रवक्ता एसपी शैलेन्द्र थापाले जानकारी दिए ।


## कुबेतमा रोजगार

कम्पनी: MOSEM FOODSTUFF, VEGETABLES AND FRUTS CO — शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०१/१९ — चलानी नं.: ६०२३६८१८ — L.T. No.: 322857

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Commis Chef | 1 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ७०,३६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Male Kitchen Helper | 2 | 0 | | 120 | ५२,७७१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २७ गते (10 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064
SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457 / URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9851038901, 9803126395, 9851350582, 9801026390, 9746491713, 9851364461

## UAE मा रोजगार

कम्पनी: INTERCOIL INTERNATIONAL CO L.L.C — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०१/१९ — चलानी नं.: ६०२३६८२४ — LT. No.: 322963

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shop Assistant | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५५,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Machine Tool Operator | 5 | 0 | | 1400 | ५१,४०८ | | | | | | | |
| 3. | Stock Filler | 5 | 0 | | 1300 | ४७,७३६ | | | | | | | |
| 4. | Stevedore | 5 | 0 | | 1300 | ४७,७३६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २७ गते (10 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

INTERNATIONAL JOB LINK PVT. LTD.
Govt. Lic. No.: 700/063/064
Bhimsen Gola- 9, Kathmandu, Tel: 014584541, Email:info@intljoblink.com.np, Website: www.intljoblink.com.np

## पुस्तक समीक्षा

# ९६ गड्डीमाथि सम्यक् दृष्टि



■ रेखा आचार्य ज्ञवाली

गड्डी भन्नेबित्तिकै हामीले पैसाको मुठो भन्ने बुझ्छौं । हो, तिनै पैसाका मुठाहरूलाई सांकेतिक रूप दिएर वर्तमान समाजको अवस्था अभिव्यञ्जित गरी आख्यानको क्षेत्रमा एक सबल उपन्यासकारका रूपमा स्थापित स्रष्टा हुन्- प्रकाश तिवारी । उनको पछिल्लो कृति '९६ गड्डी' (उपन्यास) पाठकको हातहातमा पुगिसकेको छ । उनका अरू ३ उपन्यासभन्दा नितान्त फरक रहेको प्रस्तुत उपन्यास, जसमा सरकारी कार्यालयमा व्याप्त भ्रष्टाचार, विकृति, विसंगति तथा पदको दुरुपयोग तथा अनैतिकता जस्ता विषयलाई लिएर सूक्ष्म चित्रण गरिएको छ ।

देशको माथिल्लो तहदेखि तल्लो तहसम्म भ्रष्टाचार कसरी हुने गर्छ र कसरी मौलाउँदै गएको छ, त्यो देख्न सकिन्छ । यस कृतिको अध्ययन गर्दा लाग्छ, हात्तीको देखाउने दाँत र चपाउने दाँत भएजस्तै सरकारी कर्मचारीका पनि २ रूप हुँदा रहेछन् । अनि, कुरा बुझ्छु कि कार्यालयमा यस्ता छयानब्बे (९६) गड्डीको प्रयोग भइरहेका हुन्छन् । यस प्रकारको राजस्व चुहावटले देश विकास कसरी हुन्छ होला भन्ने सोच्छु ।

विद्यार्थीकालमा विज्ञान र राजिव नाम गरेका विद्यार्थीहरू कुर्लिएका हुन्छन्- देशमा अराजकता, भ्रष्टाचार, विकृति, विसंति, कर्मचारीतन्त्र तथा चाप्लुसीवादको अन्त्य हुनुपर्छ भन्दै । यस महासंग्राममा विज्ञानकी साथी कुमुदा पनि होमिन्छिन् र प्रहरीको गोली लागेर सहादत प्राप्त गर्छिन् ।

हो, केही विद्यार्थीहरू आज पनि सुशासनको नारा बोकेर आन्दोलनमा लाग्छन् र भ्रष्टाचार नगर्ने अठोट लिएका हुन्छन् तर पछि गएर तिनैहरूमध्ये फेरि केही त्यस्तै हुन्छन् । जनताको सेवा गर्नका लागि सुरुमा सुशासन र सुव्यवस्थाको पालना गरी स्वस्थ र दक्ष मस्तिष्क लिएर कर्मचारीहरू जब कार्यालयभित्र पस्छन्, तब उनीहरूमा छुट्टै किसिमको उत्साह, जाँगर र खुसी पैदा हुन्छ । कतैबाट अतिरिक्त लाभको आश नगर्ने भन्दै आदर्शमा बाँच्छन् ।

सिद्धान्तलाई मूल मन्त्र मानी त्यसैमा अडिग रहन्छन् केही समय कर्मचारीहरू । अन्ततः बिर्सन्छन् जागिर खानुपूर्वका आर्दश र सिद्धान्तका कुराहरू । अनि, रंगीन बनाउन लाग्छन् जीवनलाई ।

हाम्रो जस्तो देशमा राजनीतिको व्यापक प्रभाव परेको छ प्रशासनिक क्षेत्रमा । अनि, बर्को ओढाइन्छ सत्ताको गीत गाउनेहरूलाई कर्मचारीतन्त्रमा । तब ढाकछोप गरिन्छ बुई चढ्नेहरूको । हो, यसरी चलेको छ हाम्रो देशको प्रशासन क्षेत्र ।

जति ठूलाठूला दर्शन छाँटे पनि यस उपन्यासको पात्र विज्ञान कार्यालयको परिवेशबाट अछुतो रहन सक्दैन । शाखा अधिकृत भएर कार्यालयमा जाँदा आदर्श व्यक्तिको रूपमा प्रस्तुत हुन्छ विज्ञान । त्यहाँका कर्मचारीहरूले उसलाई अनेक जालझेल र खिसिटचुरी गर्छन्, उसको कर्तव्यनिष्ठ व्यक्तित्वमाथि उपहास हुन थाल्छ । तब ऊ अरूले जस्तै गर्न थाल्छ । सरकारी पैसा अवैध तरिकाले लिई भौतिक सम्पत्ति जोड्छ अनि कहलाउँछ समाजमा प्रतिष्ठित व्यक्ति ।

वर्तमान समयमा एक्लो बृहस्पति भएर बस्नुपर्छ सिद्धान्तको लौरो टेकेको मान्छे । 'साथीहरूले जागिर भनेकै खान, पिउन र मोजमस्तीका लागि त हो भन्ने पाठ पढाए (पृ. ५७) ।' अपितु, वर्तमान समयमा देशमा भ्रष्टाचारको जरा पीपलको रूखको जरा जस्तै टाढाटाढासम्म फैलिइसकेको छ ।

लेखकले नेपालमा भ्रष्टाचारलाई नदीको पानीसँग तुलना गरेका छन् । के हाम्रो देशमा भ्रष्टाचार निर्मूल होला ? कहिले होला ? सोच्दै छु म । जनताबाट कर उठाएर नै हो कर्मचारीले वेतन पाउने । सेवाग्राहीसँग फेरि अवैध शुल्क मागेर अनावश्यक दुःख दिने मानसिकता बोकेका कर्मचारीहरू देखेर लाज लाग्छ र यहीँबाट भन्न मन लाग्छ- जनता र राष्ट्रप्रति महाशयहरूको जिम्मेवारी यही हो ? किन तलदेखि माथिसम्म मर्यादाको क्रमानुसार सेवाग्राहीबाट भनौं या जनताबाट, घुस मागेर असुलीको भाग लगाउनुपरेको ? यो कस्तो मानसिकता हो आफ्नै सेवाग्राहीबाट नाजायज रकम असुल्ने ?

अंग्रेजीमा एउटा भनाइ छ- सेभ फर रेइनी डे । जसरी हामी भकारीमा धान संचय गर्छौं केही कालखण्डका लागि, त्यसैगरी कर्मचारीहरूले पनि जम्मा गर्छन्, अवैध रूपमा शुल्क लिएर जनतासँग ।

आफ्नो पदीय जिम्मेवारी बिर्सेर, जनताको सेवा गर्न खटिएको सेवकको दायित्व भुलेर उल्टै जनतालाई शोषण गर्ने मनोवृत्तिलाई लेखकले यहाँ उजागर गर्न सकेका छन् । बिहान-बेलुकाको २ छाक जोहो गर्न संघर्षरत भुइँ मान्छेसँग रकम असुली धनी बन्ने वृत्ति लिएका कर्मचारीलाई ती सीमान्तकृत समुदायका मानिसले के सोच्लान् ?

स्रष्टा तिवारीको '९६ गड्डी' पढ्दै गर्दा कर्मचारीतन्त्रको वर्तमान अवस्थाका बारेमा अहिल्यै जनजागरण अभियान गर्न उठौं जस्तो हुन्छ । त्यससँगै




*आफ्नो पदीय जिम्मेवारी बिर्सेर, जनताको सेवा गर्न खटिएको सेवकको दायित्व भुलेर उल्टै जनतालाई शोषण गर्ने मनोवृत्तिलाई लेखकले यहाँ उजागर गर्न सकेका छन्...*

केही प्रश्नहरू पनि जन्मिन्छन् । सेवाग्राहीहरू ती भ्रष्ट कर्मचारीविरुद्ध किन उठ्दैनन् ? किन विरोध गर्दैनन् ? त्यसो त उनीहरूको विवशता र निरीहता कम छैन । क्रोधको ज्वाला समन गरेर उल्टै कर्मचारीको पाउ मोल्न तयार हुनुपर्छ नत्र अनेक झमेला गरेर उनीहरूको डुंगा नै डुबाइदिन्छन्, ती सेवक भनाउँदाहरूले । जानाजान कसरी आफ्नै अहित हुने आँट गर्न सक्छन् र बिचरा नागरिकहरूले ! समाजमा तिनीहरू नै प्रतिष्ठित छन्, जो भ्रष्टाचारी छन्, घुसपैठका दलाल छन्, हत्या-हिंसा गर्ने नरपिशाच छन् । यहीँनेर एउटा नेपाली उखान सम्झना हुन्छ- खाने भातै हो, सुत्ने खाटै हो र जाने घाटै हो । त्यस कारण किन भावी पुस्तालाई सम्पत्ति संचय गरेर राख्नुपर्‍यो र ?

हाँ जीवित छँदै भोक टार्न नपाएका जनता मृत्यु स्वीकार्न तयार छन् । तिमीहरू भने धन लुटेर नजन्मिएका नाति, पनातिलाई राख्दै छौ होइन त ? कहिलेकाहीँ हाम्रा कुरा पनि सुन्ने गर । कान खोलेर सुन, उपनिषद्मा एउटा भनाइ छ- तेन त्येक्तेन भुञ्जीथाः वा अधिक संचय नगर, त्यति मात्र ग्रहण गर, जति आवश्यक छ । कर्मचारीतन्त्रमा जो हाकिमको चाकरी चाप्लुसीमा विश्वास गर्छ, उसैलाई सिफारिस गर्छ बढुवा र पुरस्कृत हुनका लागि । यो कस्तो उदेकलाग्दो व्यवस्था हो ? अनेक षडचन्त्र रच्दै विज्ञानसँग लक्ष्मण नजिक हुन्छ र सोझोपनको फाइदा उठाँउछ । विश्वास गरेको मान्छेबाटै यस्तो अविश्वसनीय काम हुँदा ऊ बिलखबन्दमा पर्छ । निजामती सेवा पुरस्कार पाउने प्रलोभन देखाएकै छ लक्ष्मणले । घीनलाग्दो षडचन्त्रका बारेमा बिचरा विज्ञानलाई के थाहा ! बित्थामा बलात्कारीको झुठो अभियोग लाग्छ विज्ञानमाथि ।

अरू ग्याङ्सँग साँठगाँठ नहुँदा एउटा सोझो, इमान्दार उच्च पदमा पुगेको व्यक्तिलाई राज्य स्तरबाट कसरी फसाइन्छ भन्ने गतिलो उदाहरण हो यो ।

विज्ञान त एउटा प्रतिनिधि पात्र न हो । हजारौं विज्ञान छन् यहाँ, किन आफ्नो स्वाभिमानमा अडिन दिइँदैन उनीहरूलाई ? सोझा व्यक्तिहरूलाई ? अनि, तानिन्छ खुट्टा उनीहरूका- माथि पुग्नै लाग्दा । हाम्रोमा साधुलाई शूली र चोरलाई इनाम दिने प्रवृत्ति किन विकसित भइरहेको छ ? तलकाले गल्ती गर्दा फुकेका हुन्छौं हामी सत्ता र शक्तिको आडमा । गहिरिएर हेर्ने हो भने, सत्ताको वास्तविक चाबी डन, तस्कर र माफियाहरूकै हातमा छ । सतीले सरापेको देश भएर होला, एउटा राम्रो कर्मचारीलाई काम गर्ने वातावरण पनि छैन यहाँ ।

पार्टीको मान्छेले, मन्त्रीले नियमविपरीत कार्य गर्न आदेश दिँदाहामी निमुखा नागरिक तयार हुनुपर्छ कुकर्म गर्न पनि । यस्तो विवशतामा छन् जनताका छोरा-छोरी । बाध्य छन् उनीहरूको आदेश मान्न । होइन भने दुर्गम र अपायक क्षेत्रतिर सरुवा गरिदिन्छन् । उदाहरणका लागि डी.एस.पी. आलोकलाई लिन सकिन्छ, जो यसै उपन्यासको पात्र चमनलाललाई कारागारबाट छाड्न नमान्दा कालीकोट जानुपरेको छ । कार्यालयका कर्मचारी, हाकिम, साथी तथा श्रीमती सबैको दबाबबाट विज्ञानलाई बाध्य पारिन्छ कमिसन लिन, जुन उसको सिद्धान्तविपरीत अवस्था सिर्जना हुन्छ । त्यस क्षण विज्ञानले नयाँ नेपाल निर्माणका निम्ति कुमुदाले गरेको बलिदान सम्झिन्छ (पृ. १२४) । आखिर अभिमन्यु चक्रव्यूहमा फसे जसरी फस्छ विज्ञान ।

मान्छेले सबैलाई ढाँट्न सक्छ तर आफूलाई कदापि ढाँट्न सक्दैन । ठेकेदार तारानाथले नोटका बिटा झिकेको देख्नासाथ विज्ञानको दिमागमा हलचल मच्चिन सुरु हुन्छ (पृ. १४४) । तारानाथले कहिले के, कहिले अतिथिगृह निर्माण भन्दै १५ लाख कमिसन दिन्छ विज्ञानलाई । तोयनाथ, रामलाल, गोपाल, कृष्णदत्त आदिले आफ्नो उद्देश्य सफल भएकामा खुसी व्यक्त गर्छन् र विज्ञानलाई नैतिकताको पथबाट गिराउँछन् ।

तब विज्ञान आफ्नै सिद्धान्तबाट विचलित हुन्छ । बिस्तारै उसलाई कमिसन लिने बानी पर्दै जान्छ । उसलाई बाध्यात्मक परिस्थितिले घेर्छ लाभ लिनका लागि । हाम्रो समाजमा भ्रष्टाचारी बनाउन आफ्नै श्रीमती र साथीभाइ पनि पछि पर्दैनन् भन्ने गतिलो उदाहरण हो- '९६ गड्डी ।'

समाज वर्गीकृत भएको छ । इमान्दारी, जेष्ठता, बौद्धिकता र पदीय आधारमा भन्दा पनि धनको आधारमा प्रतिष्ठा निर्धारण हुने गर्छ यहाँ । त्यसैका आधारमा मान सम्मान गर्छौं छोरी, ज्वाइँ, भान्जा, भान्जी र अन्य नातागोतालाई । यही नै एउटा परम्परा जस्तो बनेको छ । धनीलाई मान सम्मान गरेर काम्लो बिछ्याउँछौं । काम्लो त्यसलाई बिछ्याऔं, जसले काम्लोको स्पर्श अनुभूति नै गरेको छैन । त्यो नै तिम्रो हाम्रो महानता हुने छ । यसको उदाहरण सचिव सुशान्त र विज्ञान हुन्, जसलाई ९२ वर्षका बालेसमेत विभेद गरेका छन् टीका लगाउँदा । यस उपन्यासले आजको उपभोक्तावादी समाज र यसको आडम्बरपूर्ण एवं अहंकारपूर्ण रूपको यथार्थलाई उजागर गरेको छ । भनिन्छ, अहङ्कारले मान्छेलाई माथि उठ्न दिँदैन ।

सुशीलाको हत्यारा चुमनलाललाई पक्रनका लागि नाइट क्लबमा काम गर्नेदेखि विज्ञानलाई फसाउने रामनारायणलाई खादा-माला लगाइसकेपछि गालामा चड्काउनेसम्मको काम हुन्छ । यस उपन्यासमा केही कुरा अस्वाभाविक रूपमा आएजस्तो लाग्छ, जुन नमिल्दो देखिन्छ । जस्तै : सामना र सुशीला एउटै टयाक्सीमा चढ्दा सुशीलाको परिचयपत्र खस्नु, पुनरावृत्ति भएर आउनु, बुर्का संस्कृति इत्यादि । ठाउँठाउँमा उखान-टुक्काले उपन्यासलाई रोचक बनाएको छ । थरिथरिका घटनाहरूले मनलाई उद्वेलित बनाउनुका साथै बिम्ब, प्रतीक र उपमाले सजिएको उपन्यास सहज, सरल र आफैंमा प्रभावकारी छ । कुमुदाको मृत्यु, कार्ल मार्क्सको सिसासहितको फोटो फुट्नु र स्वयं विज्ञान र सामना पनि छुट्टिनुले कथावस्तु वियोगान्तमा टुंगिएको छ ।

देशको राजनीतिक गतिविधिले प्रशासनिक क्षेत्रमा कसरी प्रभाव पारेको छ भन्ने कुरा यस उपन्यासबाट बुझ्न सकिन्छ ।

## ३ लघुकथा

### रहस्य



■ गंगा खड्का

'मान्छेलाई जति धन भए पनि नपुग्ने रहेछ । हुँदाहुँदै आशारामका बुढाबुढीले बाहिर बत्ती नै बाल्न छाडे । मान्छे भएर धेरै कदर्य हुनु पनि ठीक होइन ।'

उदयका कुरामा सही थप्दै अञ्जलीले भनिन्, 'त्यही त ! छोरा-छोरीले विदेशबाट पठाएका डलरचाहिँ के गर्ने होला ?' नजिकै बसेर मोबाइल चलाउँदै गरेको अनुपले भन्यो, 'बाबा-ममी ! कुरै नबुझी अरूलाई अवमूल्यन गर्नु पनि ठीक हुँदैन । मलाई त उहाँहरूले पैसा जोगाउन बत्ती नबाल्नुभएको कुरामा पटक्कै विश्वास लाग्दैन । कागको मासु खाएर कोचाहिँ अजम्बरी बनेको छ र ?'

'तँलाई तिनीहरूको बानी थाहा छैन र त्यसो भन्छस् । कम्ताका लोभी छन् तिनीहरू !', अञ्जलीले आफ्नो तर्कलाई बलियो बनाउन खोजिन् ।

'हामी एकअर्कामा किन विवाद गरेर बस्नु ? बरू एक पटक सोधी हेरौं न !', अनुपले भन्यो ।

अनुपका कुरामा सबैको सहमति भएपछि उसले आशारामलाई कौसीबाटै बोलाउँदै सोध्यो, 'आशाराम काका ! आजकल किन तपाईंहरू बाहिरको एउटा पनि बत्ती बाल्नुहुन्न ?' आशारामले अँध्यारोमै बसेर जबाफ दिए, 'हेर न बाबू ! आजकल बत्ती बाल्नै नपाई कहाँबाट कहाँसम्म किरा र पुतली आएर बसिटिक्नु हुँदैन । कहिलेकाहीँ त भान्साको झ्याल-ढोकाबाट भित्र छिरेर भात, तरकारीमा पर्छन् र त्यत्तिकै खेर फाल्नुपर्ने हुन्छ ।'

### स्नेह



■ भूमिका गैरे तिमिल्सिना

'साह्रै कन्जुस ! कसैलाई केही दिनै नखोज्ने हाम्रा मामा त !', विपलले दुखेसो पोख्यो ।

'हैन, के भन्छ यो ? आफ्नै मामालाई नि यस्तो भन्छन् कसैले ? बिचरा ! जहान ठूलो छ । कमाइ केही छैन ? तिमीहरूले पनि यसो बुझ न !', आक्रोशित मुद्रामा आमाले भनिन् ।

'अँ अँ ! तपाईंले नै भन्नुभएको होइन र- भान्जा-भान्जी हुनु भनेको त लच्छिन हो । यिनीहरूले नै हो मावलीलाई बैकुण्ठ तार्ने । भान्जा-भान्जीको दिसा पनि पालीमा सिउरेर राख्छन् रे ! साइत पर्छ भनेर । जौ-तिल छर्नेलाई पनि टीका लाएर जम्मा ५ रुपैयाँ दिन्छन् कसैले ?', आक्रोशित स्वरमा फेरि थप्यो । 'कमाएपछि देला नि त ! आखिर भान्जाको नाममा तैं मात्र छस् क्यारे ! कति गनगन गर्छस् गर्न नि ?', आमाले ढाडस दिइन् ।


त्यतिकैमा मामाको फोन आउँछ ।

'ल भान्जा ! तिमी दिदीलाई लिएर आऊ है ! श्राद्ध छ, चाँडै हिँडिहाल त ! यहाँ अह्राउने, सिकाउने पनि कोही छैनन् । त्यसमा पनि बुबाले साह्रै हुरुक्क गर्नुहुन्थ्यो दिदीलाई' भन्दै फोन राखे मामाले । बडो इज्जत, मान-सम्मान मिल्छ । 'भान्जा आएपछि घरै उज्यालो हुन्छ', निकै मीठामीठा गफ हुन थाल्छन् दिदी-भाइका । सन्चो, बिसन्चो, खेतीपाती, बस्तुभाउ, लैना, बकेर्ना के कति छन् ? यस्तैयस्तै ? गफ हुन्छन् ।

दिदी-भाइको स्नेह देख्दा विपल आश्चर्य चकित हुन्छ । श्राद्ध सकिएपछि पण्डितलाई बिदा गर्छन् ।

बडो गम्भीर भएर विपलले सोच्न थाल्छ, 'कति कुरा मिलेको हो आमा र मामाको ? दुःखसुखका गन्थन मन्थन अघि नै देखि चलिरा'छ । हाम्री आमा मामाको विरुद्ध थोरै कुरा नि सुन्न सक्नुहुन्न । सिधै खाऊँला जस्तो गर्नुहुन्छ ।' यस्तै अनेक तर्कना खेलाउँदै थियो विपल । 'भान्जा ' ए भान्जा ! ल टीका लगाउनुपर्‍यो' भन्दै मामा पहेँलो अक्षता लिएर आए र भने, 'मेरो भान्जाको यश, कीर्ति संसारमा फैलिएको देख्न र सुन्न पाऊँ, कुल पितृ सदा दाहिना रहून् ।'

### चाबी



■ राजन कार्की (पाजु)

'लौ बुहारी ! सबै चिज झिकेर राखिदिएकी छु, खाना बनाऊ है !', सधैंझैं आज पनि दिनाले खानाका लागि सामलतुमल, तिहुन, नुन-भुटुन खटाएर दिँदै बुहारीलाई भनिन् । 'हस् !' भन्दै शर्मिला खाना बनाउन भान्छातिर लागिन् । बुहारी भित्रचाएको यतिका वर्ष बित्दा पनि दिनाले भण्डारको ताला-चाबी आफ्नै कब्जामा राखेकी थिइन् । सधैं खाने सामान बुहारीलाई खटाएर दिन्थिन् । शर्मिला चुपचाप बनाइ तुल्याइ गर्थिन् । वीरेन्द्रलाई पत्नीको यो बुहारीप्रतिको व्यवहार पटक्कै मनपरेको थिएन तर पनि खिन्न हुँदै चुप रहन्थे । यसरी नै दिन बितिरहेका थिए । एक दिन, बेलुका सामल झिक्न दिना भण्डारतिर गइन् तर सबै चिजबिज सकिएका थिए । फर्केर दिनाले भनिन्, 'बुहारी ! सबै सामलतुमल सकिएछन् ! यसो, तातो पानीसानी बनाऊ, आज त्यै खाएर सुत्नपर्ला । भोलि खोजमेल गरेर ल्याऊँला !' 'हस् !' भन्दै शर्मिला भान्छाकोठातिर लागिन् । केही समयपछि 'खाना खान जाऔं' भन्दै शर्मिलाले सासू-ससुरालाई पानी राखिदिइन् । छक्क पर्दै दुवै जना भान्छाकोठा पसे ।

भित्रको दृश्य देख्दा दुवै जना अवाक् भए । विभिन्न परिकार पकाएर थालमा पस्किएका थिए । 'बस्नुस् खाना खान', शर्मिलाले साडीको फेरले शिर ढाक्दै अनुरोध गरिन् । 'हैन बुहारी ! सामलतुमल त थिएन त ! छिमेकीकोतिरबाट पैंचो लियौ कि के हो ?', दिनाले छक्क पर्दै भनिन् र खाना खान बसिन् । 'हैन आमा ! सधैं तपाईंले खटाएर दिएको चिजबिजबाट १/१ मुठी झिकेर अलग्गै राख्ने गरेकी थिएँ', सासू-ससुरालाई खाना अगाडि राखिदिँदै शर्मिलाले भनिन् ।चकित हुँदै वीरेन्द्रले पत्नीको मुखमा पुलुक्क हेरे ।

'बुहारी ! लौ यो घरको ताला-चाबी अब तिमी नै राख', चुठेर तौलियाले मुख पुछ्दै दिनाले भण्डारको साँचो बुहारीलाई जिम्मा दिइन् । वीरेन्द्र प्रसन्न मुद्रामा बरन्डातिर टहलिन लागे ।

## कविता

### समय



रवि प्राञ्जल

हिँड्नु धर्म हो मेरो
जसरी
बग्नु धर्म हो पानीको
पोल्नु धर्म हो आगोको ।

मैले हिँडी नरहे
बल्ने थिएन आगो
बग्ने थिएन पानी
हुने थिएन सृजना
हुने थिएन संहार
अभाव हुने थियो आवृत्तिको
वृत्तमा
वृत्तकै आवृत्तिमा ।

मभित्रै समाहित छ आरम्भ
र, मभित्रै समाहित छ समाप्ति
मेरो आरम्भपछिको समाप्ति भनेको
पुनः आरम्भ हुनु हो
जसरी मुहानको पानी
सागरमै समाहित भए पनि
रोकिन्न पानीको यात्रा
पुनः मुहान बनेर पानी
फेरि बग्छ, बगिरहन्छ ।

तिमी भन्छौ-
'मृत्यु निर्विकल्प छ'
म भन्छु-
'म मात्र निर्विकल्प छु'
यदि म
एक सेकेन्ड मात्र रोकिएँ भने
कसैको मृत्यु रोकिने छ
यदि म
एक पल मात्र स्थिर भइदिएँ भने
कसैको जन्म रोकिने छ
मेरो रुकावटमा
फेरि घुम्ने छैन पृथ्वी
र, फेरि उदाउने छैन सूर्य ।

यदि मैले धर्म तोडिदिए
यदि मैले एक पल
बेगिएर वा रोकिएर हिँडिदिए
क्राइस्ट, मार्क्स र कृष्ण
हिटलर, बुद्ध र चार्बाक
फेरि फर्कने छैनन् इतिहासबाट ।

म नै जन्म
म नै मृत्यु
म नै यात्रा, पुनर्यात्रा
त्यसैले, सक्छौ भने आऊ
मलाई रोक
मेरो यात्रालाई रोक
र, मेरो चुनौती स्वीकार गर ।

### के दिऊँ ?



गीता बराल

सपनाहरूलाई बन्धकी राख्दै
नुनिला आँसुले गाँस निल्दै
फुटेका कुर्कुच्चा लतार्दै
शहरको प्रेमिल कहरसँग रमाउँदै
एक थान आँखाहरू
जागिरको खोजीमा
भोक र निद्राको ईश्वर खोजिरहेथे ।

अचानक भेटियो ऊ
अक्करे भीरमा फुलेको
सुनाखरी जस्तो ।

टिपेर सजाउने मन थियो
पाखैभरी मौसमी गुराँस जस्तो
चुल्हो सजाऊँ जस्तो
तर, ऊ
भावनात्मक होइन
प्रयोगवादी हो ।

उसलाई चढाउने आँसु पोखियो
उसलाई देखाउने हाँसो पनि सकियो
के दिऊँ म उसलाई ?

## गजल



धनराज गिरी

गम्भीर जिन्दगानी मान्नेहरू डराए
कोही मजाक भन्ने दिल्ली पुगेर आए

आधार जिन्दगीको आरोग्य खास साथी
सद्भाव, प्रेम, माया हो शान्ति मुस्कुराए

सत्कर्म कर्मयोगी आनन्द सिर्जनामा
मौरी बनेर बाँचे दायित्व धान्न धाए

प्रारब्ध मान केही होला कतै लुकेको
लेखी कथा, कहानी आफन्त गुन्गुनाए

भुल्ने छ दिल्लगीमा मुस्कान गीत लेखी
रम्दै रहे धरामा ठट्टाहरू बनाए ।

नेपाल विद्युत् प्राधिकरणको श्वेतपत्र

# सम्पत्ति साढे ६ खर्ब, दायित्व ४ खर्ब नजिक

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ वैशाख ।

पदबहाली गरेको एक महिनापछि नेपाल विद्युत प्राधिकरणका प्रबन्ध निर्देशक हितेन्द्रदेव शाक्यले प्राधिकरणको श्वेतपत्र सार्वजनिक गरेका छन् । श्वेतपत्र सार्वजनिक गर्दै उनले हालसम्म प्राधिकरणको कुल सम्पत्ति ६ खर्ब ४४ अर्ब र कुल दायित्व ३ खर्ब ८५ अर्ब रहेको उनले बताए ।

प्रबन्ध निर्देशक शाक्यकाअनुसार प्राधिकरणको कुल सम्पत्तिमध्ये २ खर्ब ३५ अर्ब स्थिर सम्पत्ति र २ खर्ब २० अर्ब बराबर निर्माणाधीन आयोजनामा लगानी भएको छ। श्वेतपत्रमा महालेखापरीक्षकको प्रतिवेदनले लामो समयदेखि प्राधिकरणको सम्पत्तिको भौतिक परीक्षण नभएको औंल्याएको समेत उल्लेख छ ।



त्यस्तै, दायित्वअन्तर्गत नेपाल सरकारको आन्तरिक स्रोततर्फ ७७ अर्ब ८ करोड, वैदेशिक दातृ निकायतर्फ १ खर्ब ७१ अर्ब ४ करोड गरी २ खर्ब ४८ अर्ब १२ करोड दीर्घकालिन ऋण गरी ३ खर्ब ८५ अर्ब रहेको शाक्यले बताए। जुन दायित्व प्राधिकरणको कुल सम्पत्तिको ३९ प्रतिशत हो ।

शाक्यले श्वेतपत्र सार्वजनिक गर्दै गत आर्थिक वर्ष २०८०/०८१ सम्म प्राधिकरणको कुल सञ्चित नाफा करिव ४६ अर्ब ४७ करोड रुपैयाँ रहेको बताए। जुन चालु आर्थिक वर्षको फागुन मसान्तसम्म नाफा ९ अर्ब ४८ करोड रुपैयाँ भएको तर आयकर ऐनको प्रावधानअनुसार थप ह्रासकट्टीको दाबी सहितको नाफा नोक्शान गणना गर्दा हालसम्म कुल ५ अर्ब २६ करोड नोक्सानीमै रहेको उनले बताए ।

अहिले घरसंरचनाका आधारमा पहुँच ९१.४ प्रतिशत पुगेको र फागुन मसान्तसम्म आन्तरिक माग २३३७ मेगावाट रहेको प्राधिकरणको श्वेतपत्रमा उल्लेख छ । चालु आवको अन्त्यसम्म त्यस्तो माग २४ सय ३८ मेगावाट पुग्ने प्राधिकरणले प्रक्षेपण गरेको छ ।

माग र आपूर्तिको असन्तुलन वर्षा यामको विद्युत खेर गएको छ भने सुख्खायाममा विद्युतको माग बढिरहेको छ र पूर्ण रुपमा आपूर्ति गर्न नसकिएको शाक्यले बताए ।

शाक्यकाअनुसार यसको दिगो समाधान र उर्जा सुरक्षाका लागि अर्धजलाशय, जलाशय, पम्पजलाशययुक्त आयोजना र ब्याट्री उर्जा भण्डारण प्रणाली निर्माण गरी उर्जा भण्डारण गर्नुपर्छ। यससँगै विद्युत खपतको वार्षिक वृद्धिदर हालको १२-१४ प्रतिशतलाई बढाएर २० प्रतिशत पुऱ्याउन सबै प्रयास गर्नुपर्छ ।

श्वेतपत्रअनुसार बाँकी वक्यौतातर्फ २०८१ असाढ मसान्तसम्मको डेडिकेटेड फिडर तथा ट्रंकलाइनतर्फको २३ अर्ब ४४ करोड रुपैयाँ रहेकोमा गत फाल्गुनसम्म प्राधिकरणको जम्मा बक्यौता ४४ अर्ब ५४ करोड रुपैयाँ रहेको छ । जसमा नेपाल सरकारबाट कोभिड छुट, चिस्यान केन्द्र लगायत शिर्षकमा दिइएको छुट बापतको रकम १४ अर्ब १० करोड बराबरको रकम शोधभर्ना प्राप्त गर्न बाँकी छ भने १२ अर्ब ४९ करोड नियमित तर्फको बक्यौता रहेको छ ।

लगानी बोर्डको रणनीतिक योजना

# ४ वर्षमा ११ परियोजना संचालन गर्ने




**काठमाडौं/मस –** सार्वजनिक-निजी साझेदारी (पिपिपी) अवधारणामा पूर्वाधार विकासका क्षेत्रमा महत्वाकांक्षी लक्ष्य हासिल गर्ने योजनासहित लगानी बोर्ड नेपालको 'रणनीति तथा व्यावसायिक योजना २०८१-८६' स्वीकृत भएको छ। गत आइतबार बसेको लगानी बोर्ड नेपालको बैठकले उक्त योजना स्वीकृत गरेको हो। बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायका अनुसार आगामी चार वर्षभित्रमा विभिन्न परियोजनामा गरिसक्नुपर्ने कामको योजना र रणनीति तयार पारिएको हो ।

'रणनीतिमा राखिएका विषयहरु निकै महत्वकांक्षी छन्, न्यूनतम र अधिकतम कतिसम्म लगानी भित्र्याउन सकिन्छ भनेर लक्ष्य तोकिएको छ, लगानीका लागि राम्रो वातावरण हुने, जनशक्ति व्यवस्थापन हुने र आवश्यक कानुनहरू बन्यो भने त्यति लगानी गर्न सकिन्छ भन्ने हाम्रो अनुमान हो', प्रवक्ता उपाध्यायले भने। बोर्डको संस्थागत संरचना परिवर्तन, संगठन सुदृढीकरण र जनशक्ति व्यवस्थापनका लागि यो दस्तावेज महत्वपूर्ण रहेको उनको भनाइ छ ।

बोर्डको उक्त रणनीतिक तथा व्यावसायिक योजनाअनुसार आर्थिक वर्ष २०८५/८६ सम्ममा आठ अर्ब ९५ करोड अमेरिकी डलर बराबरका ११ वटा परियोजना निर्माणसम्पन्न गरिसक्ने लक्ष्य राखिएको छ। तर, लक्ष्यअनुसार सबै ११ वटा परियोजना सम्पन्न हुन नसकेको खण्डमा पनि कम्तीमा चार अर्ब सात करोड अमेरिकी डलरका पाँचवटा परियोजनाहरू सञ्चालनमा ल्याइसक्ने लक्ष्य छ।

त्यस्तै, आर्थिक वर्ष २०८५/८६ सम्ममा कम्तीमा दुई अर्ब ८३ करोड अमेरिकी डलर बराबर लागतका सातवटा परियोजनाहरू निर्माणको चरणमा पुगिसक्नेछन्। यो अवधिसम्ममा अधिकतम पाँच अर्ब ५५ करोड अमेरिकी डलरका १४ वटा निर्माणको अन्तिम चरणसम्म पुऱ्याउन सकिने लक्ष्य बोर्डको छ। आगामी चार वर्षमा अधिकतम २४ अर्ब ३० करोड अमेरिकी डलर बराबरका कुल ५७ वटा परियोजना 'पाइपलाइन'मा राखी सम्भाव्यता अध्ययन गर्न प्रस्ताव गरिएका छन् ।

त्यस्तै, २३ अर्ब ५० करोड अमेरिकी डलरका ५२ वटा परियोजनाहरू खरिदको चरणमा पुऱ्याइनेछ। बोर्डका अनुसार यो अवधिसम्ममा १७ अर्ब ९५ करोड अमेरिकी डलर बराबरका ४२ वटा र परियोजनाहरू परियोजना विकास सम्झौता (पिडिए) तथा परियोजना कार्यान्वयन सम्झौता (पिआइए) वार्ताको चरणमा हुनेछन् ।

साथै, १५ अर्ब ७० करोड अमेरिकी डलर लागतका ३२ वटा परियोजनाहरू वित्तीय व्यवस्थापन र पूर्व-विकास गतिविधि सञ्चालनको अवस्थासम्म लगिने व्यवसायिक रणनीतिमा उल्लेख छ। निजी क्षेत्र र अन्य निकायले कार्यान्वयन गर्ने परियोजनाको अवस्था हेर्दा आगामी चार वर्षभित्रमा निजी लगानीका अधिकतम ६७ वटा परियोजनाका लागि सात अर्ब ४५ करोड अमेरिकी डलर र अन्य निकायबाट कार्यान्वयन हुने २५ वटा परियोजनाका लागि तीन अर्ब १५ करोड अमेरिकी डलर बराबरको लगानी स्वीकृति बोर्डले दिइसक्नेछ।

लगानीको यो योजना कार्यान्वयनका लागि आवश्यक पर्ने विभिन्न निर्देशनालयसहितको संगठन संरचनाको खाका पनि बोर्डले तयार पारेको छ। जसअन्तर्गत योजना प्रशासन तथा वित्तीय व्यवस्थापन निर्देशनालय, सार्वजनिक-निजी साझेदारी निर्देशनालय, लगानी प्रवर्द्धन तथा सहजीकरण निर्देशनालय र आयोजना विकास तथा व्यवस्थापन निर्देशनालय राखिएको छ।

यी सबै निर्देशनालयमा कम्तीमा सहसचिवस्तरको कर्मचारी आवश्यक पर्ने रणनीतिमा उल्लेख छ। लगानी बोर्डको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने निर्णय पनि बोर्डले गरेको छ। यसरी महत्वाकांक्षी लक्ष्यसहित बोर्डले आफ्नो रणनीतिक योजना स्वीकृत गर्दैगर्दा विगत डेढ दशकमा भएका उपलब्धि भने कमजोर छन्। बोर्डले आफ्नो स्थापनाकालदेखि अहिलेसम्म विभिन्न ३८ वटा परियोजनाका लागि १२ खर्ब बराबरको मात्रै लगानी स्वीकृत गरेको छ। स्वीकृत भएको लगानी र वास्तविक प्राप्तिको खाडल हेर्ने हो भने पनि निकै ठूलो छ।

लगानी बोर्डको कार्यालयमा एकल विन्दु सेवा केन्द्र स्थापना भए तापनि सोको प्रभावकारी सञ्चालन हुन सकेको छैन। एकल विन्दु सेवा केन्द्रमा पर्याप्त जनशक्ति छैन भने बोर्डबाट भएका निर्णयहरूको कार्यान्वयनमा ढिलासुस्ती र आनाकानी गरिरहेको छ। लगानी बोर्डको छुट्टै कोष स्थापना गर्ने भनिए पनि १२ वर्षसम्म हुन सकेको छैन। त्यस्तै, जग्गा अधिग्रहण कोष, सम्भाव्य न्यूनता परिपूरक कोषलगायतका कोषहरूको स्थापना हुन सकेको देखिँदैन। विज्ञ र कर्मचारी व्यवस्थापनका लागि दातृ निकायमाथि भरपर्नु पर्ने स्थिति छ।

# नीति तथा कार्यक्रम उत्कृष्ट छ : डा. महत



**काठमाडौं/मस –** नेपाली कांग्रेसका प्रवक्ता एवं पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रम उत्कृष्ट रहेको प्रतिक्रिया दिएका छन् । संघीय संसद्को संयुक्त बैठकमा आज सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुतपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले भने, 'नीति तथा कार्यक्रम परम्परागतभन्दा एक चरण अगाडि बढ्नुपर्थ्यो त्यसमा केही कमी भएको छ तर, समग्रमा राम्रो छ ।'

प्रवक्ता महतले भने, 'मूलभूत रूपमा नीति तथा कार्यक्रम कार्यान्वयनमा निर्भर हुन्छ। बजेटले के कस्ता मार्ग निर्देश गर्छ, त्यसमा भर पर्छ। विगतमा गरिने छ भनेर घोषणा गरेका कार्यक्रम पूरा गर्न नसकेको पक्षलाई बुझ्न जरुरी छ। त्यसका लागि कार्यक्रममा आमूल परिवर्तन गर्नुपर्ने आवश्यकता छ।'

कृषि क्षेत्रमा उत्पादनका आधारमा मात्रै सहयोग गर्ने विषयलाई बजेटले प्रभावकारी रूपमा जोड दिएर आउनुपर्ने बताउँदै उनले शिक्षा क्षेत्रको सुधारका लागि विद्यालय गाभ्ने, शिक्षकको सुविधा बढाउनेलगायत विषय सरकारले गरेकाले अरु क्षेत्रको रकम घटाउने र शिक्षाको गुणस्तर कसरी बढाउने भन्नेतर्फ गम्भीर ध्यान दिनुपर्ने उल्लेख गरे ।

प्रवक्ता डा महतले अर्थतन्त्रलाई चलायमान बनाउन प्राथमिकीकरण, सडक, सिँचाइ, खानेपानीलगायत उत्पादनशील क्षेत्रको पहिचान गरी परिणाम आउने क्षेत्रमा ठोस विषय आउन जरुरी रहेको बताए। नेपाल वायुसेवा निगमको पुनर्संरचनाका बहुमत शेयर निजी क्षेत्रलाई दिएर संस्थालाई गतिशील बनाउने गरी आगामी योजना बनाउने दिशातिर सरकार अग्रसर हुनुपर्नेमा उनले जोड दिए ।

यसैबीच राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपाध्यक्ष डा स्वर्णीम वाग्लेले नीति तथा कार्यक्रमलाई सरसर्ती सुन्दा कुनै नौलोपन नभएकाले विगतको निरन्तरता रूपमा मात्र रहेको टिप्पणी गरे ।

# नेपाल एसबिआईद्वारा मुसहर समुदायलाई सहयोग



**काठमाडौं/मस –** नेपाल एसबिआई बैंक लिमिटेडले सामाजिक उत्तरदायित्व अन्तर्गत सर्लाहीको हरिपुर नगरपालिका वडा नं ७ स्थित मुसहर समुदायलाई लक्षित गरी आवश्यक सामग्री वितरण गरेको छ। बिपन्न र पिछडिएका वर्गको सशक्तीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले बैंकले समुदायका पचास परिवार र बालबालिकालाई शैक्षिक तथा अत्यावश्यक सामाग्री प्रदान गरेको हो ।

हरिपुरस्थित एक कार्यक्रममा बैंकका मधेश प्रदेश प्रमुख उदय पञ्जियार थारुले औपचारिक रूपमा सामाग्री हस्तान्तरण गरेका थिए। कार्यक्रममा हरिपुर नगरपालिकाका प्रमुख गोपाल पजियार, बैंकका प्रतिनिधिहरू तथा नगरपालिकाका अन्य पदाधिकारीहरूको उपस्थिति रहेको थियो। बैंकले यस किसिमको कार्यक्रमहरू समय-समयमा सञ्चालन गर्दै सामाजिक क्षेत्रमा आफ्नो उत्तरदायित्व पूरा गर्दै आएको जनाएको छ। विशेषगरी पिछडिएका समुदायका बालबालिकाहरूलाई शिक्षामा पहुँच दिलाउने उद्देश्यले यसपटक मुसहर समुदायलाई लक्षित गरिएको जानकारी दिइएको छ ।

# सरकारद्वारा एनसेल सम्मानित

**काठमाडौं/मस –** सरकारले देशको सूचना तथा सञ्चार प्रविधि (आईसीटी) क्षेत्रको सबैभन्दा धेरै आयकर तिर्ने करदाताका रूपमा एनसेललाई सम्मान गरेको छ। राजधानीमा शुक्रबार आयोजित ८औँ राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस २०८२ को कार्यक्रममा एनसेललाई सम्मान प्रदान गरिएको हो ।



देशमा आईसीटीको विकास र प्रवर्द्धनका लागि प्रत्येक वर्ष मे २ लाई 'राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस' का रूपमा मनाइँदै आएको छ । कार्यक्रममा प्रधानमन्त्री केपी ओलीले एनसेलका मार्केटिङ, कम्युनिकेसन्स तथा सस्टेनेबिलिटी डाइरेक्टर पुनम सिंहलाई सम्मानपत्र प्रदान गरेका थिए ।

सूचना तथा सञ्चार प्रविधि क्षेत्रको विकास, बिस्तार र समृद्ध नेपालको अभियानमा गत आर्थिक वर्ष ०८०/८१ मा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रबाट सबै भन्दा धेरै कर बुझाएको कुरालाई उच्च मूल्यांकन गर्दै राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसमा एनसेललाई सो सम्मान प्रदान गरिएको हो । एनसेलले स्थापनाकालदेखि गत आव ०८०/८१ सम्ममा सरकारलाई विभिन्न कर तथा शुल्क शीर्षकहरूमा ३ सय ४० अर्ब भन्दा बढी कर तथा शुल्कहरू तिरेको जानकारी दिएको छ। गत आवमा मात्रै कम्पनीले २०.३० अर्ब कर तथा शुल्कहरू सरकारलाई बुझाएको थियो ।

कामना सेवा
विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

**केन्द्रीय कार्यालय:**
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं. १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

**शाखारहित बैंकिङ (बि.एल.बि एजेन्ट) सेवा बन्द गरिएको सूचना**

यस कामना सेवा विकास बैंक लि. र तपसिलमा उल्लिखित फर्महरु बीच शाखारहित बैंकिङ सेवा सञ्चालनको लागि एकापसमा सम्झौता भई शाखारहित बैंकिङ प्रतिनिधि (बिएलबि एजेन्ट) को रुपमा काम गर्दै आएकोमा २०८२/०१/१२ देखि लागु हुने गरी निजहरुसँग भएको सम्झौता रद्द गरी व्यवसायिक प्रतिनिधि बन्द गरिएको हुँदा सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। तसर्थः उपरोक्त प्रतिनिधि (बिएलबि एजेन्ट) हरु मार्फत कुनै पनि कारोवार नगर्नु हुन अनुरोध गर्दछौं। यस सार्वजनिक सूचना प्रकाशन भए पश्चात पनि निजहरु मार्फत निरन्तर कारोवार गर्नु भएमा उक्त कारोवारहरुको बिषयमा यस बैंक जवाफदेही नहुने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ।

**एजेण्ट सम्बन्धी विवरण :**

| नाम | ठेगाना |
|---|---|
| श्री धुव्र इलेक्ट्रोनिक | बागलुङ जिल्ला, काठेखोला गा.पा.-०५, बिहुँ, गण्डकी प्रदेश |
| श्री एभरेष्ट ईन्टरप्राइजेज | सिराहा जिल्ला लहान न.पा. वडा नं. १२, मधेस प्रदेश |

**भूल सुधार**

मिति २०८२/०१/१६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित युएई, साउदी र कतारमा वैदेशिक रोजगारीको अवसरको साउदी शीर्षकको पुन विज्ञापनमा कम्पनीको नाम : **AG Cafe International Management Regional Headquarters Company is a one-person company, L.T. No.:** 321049, **चलानी नं.: ६०२३५१२८, पूर्व स्वीकृत मिति: २०८१/१२/१२,** कर्मचारी पद **Food & Beverage Jonior Waiter** को पुरुष संख्या ३० र तलब **2200 SR** र कतार शीर्षकको विज्ञापनमा कम्पनीको नाम **AG Cafe International** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

H.R. International Employment Services Pvt. Ltd.
Gov. Lic No. 247/058/059
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal, Tel:- 01-4521336, 4528508,
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com

**सर्वसुलभ सव रेमिटेन्स प्रा.लि. को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ वमोजिम मिति २०७१।०७।२७ मा दर्ता भएको प्रा.लि.नं.१२८३५५ को सर्वसुलभ सव रेमिटेन्स प्रा.लि.लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मिति: २०८१।११।२० गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटर को कार्यालय माइतीघर काठमाण्डौंमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शेयर बहादुर रोकाया लिक्वीडेटर**
**इजाजत पत्र नं.२८७ फोन नं.९८५११६३७२३**

**छार्का ताङसोङ गाउँपालिका**
ཚྭ་དཀར་སྟེང་སོང་གྲོང་སྡེ་ལྷན་ཁང་།
**Chharka Tangsong Rural Municipality**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कागकोट, डोल्पा**
**कर्णाली प्रदेश, नेपाल**

**Notice for the Letter of Intent (LOI)**

**Date of Publication: 2082/01/19 (2025, May 2)**

This is to notify as per PPA 2063 Clause 27.2 & 27.3 to all concerned bidders who had submitted their bids, invited under tender notice IFB Numbers mentioned below published on 30 March, 2025 in "Rajdhani daily" that the "Letter of Intent" has been issued in favour of following bidder having substantially responsive and lowest evaluated bid price.

| Work description/ Contract Identification No. | Bidder's Name & Address | Bid Price (Including VAT and PS) |
|---|---|---|
| Chharung to chharka Road upgrading Project, CTS R.M -1, Dolpa (CTSRM/DOLPA/NCB/WORKS/09/2081/082) | Putha Himal Construction, Dolpa | 1,21,90,135.27 |

**Chief Administrative Officer**

# गीताञ्जलीका सिनेमाले विश्व फन्को मार्दै



**काठमाडौं/मस–** नेपाली कथानक चलचित्र 'जार' २६ वैशाखमा रिलिज हुँदै छ। सामाजिक विषयवस्तुमा आधारित रहेर बनेको चलचित्र 'जार'मा सौगात मल्ल, अनुपविक्रम शाही, अभिनेत्री गीताञ्जली थापालगायत कलाकार मुख्य भूमिकामा छन्।

चलचित्रमार्फत अभिनेत्री गिताञ्जली देखिँदा उनी नेपाली दर्शकका लागि फ्रेस अनुहार हुन् भन्दा हुने छ किनकि 'जार'मा उनी देखिँदा दर्शकले नयाँ कलाकारको अभिनय देख्न पाउने छन्। अर्थात्, 'जार'मा एउटै नायिका दोहोरिने अवस्था दर्शकले देख्नुपर्ने छैन।

गीताञ्जली थापा नेपाली सिनेमाका लागि दोहोरिइरहेको नाम नभए पनि उनी उम्दा कलाकार हुन्। नेपालमा मात्र होइन, बलिउडमा पनि आफूलाई अब्बल प्रमाणित गरिसकेकी कलाकार हुन्।

भारतमा उम्दा कलाकार मात्र होइन, उनी राष्ट्रिय अवार्ड विनर आर्टिस्ट पनि हुन्। गीताञ्जली 'लायर्स डाइस'बाट भारतीय राष्ट्रिय सिनेमा पुरस्कार विजेता अभिनेत्री हुन्।

यति मात्र होइन, नेटफ्लिक्सका प्रयोगकर्ताका लागि परिचित नाम हो- गीताञ्जली। नेटफ्लिक्स सिरिज 'सेक्रेट गेम्स'मा पनि गीताञ्जलीले अभिनय गरेकी छन्।

उनका सिनेमाले नेपाल र भारतमा मात्र होइन, विश्व फन्को मारिसकेका छन्। विश्वका ठूला र प्रतिष्ठित फिल्म फेस्टिभलमा उनका चलचित्र स्क्रिनिङ भइसकेका छन्। वर्ल्ड सिनेमाका दर्शकले गीताञ्जलीका चलचित्र हेरिसकेका छन्।

गीताञ्जली अभिनित सिनेमा टोरन्टो, बुसान, लस एन्जलस, न्युयोर्कलगायत विश्वचर्चित फिल्म फेस्टिभलमा स्क्रिनिङ भइसकेका छन्। त्यसैले, उनको अभिनयको कुशलताले 'जार'लाई थप उचाइ दिएको निर्माण पक्षले बताएको छ।

नयाँ र फ्रेस अनुहारमार्फत कथा भन्दा दर्शकलाई कथा बुझाउन सहज हुन्छ, सिनेमा विश्वसनीय हुन्छ। यो सुविधा 'जार'ले गीताञ्जलीमार्फत पाएको छ।

'जार' सन् १८०० को दशकमा नेपाली समाजमा घटेको यथार्थ घटनामा आधारित सिनेमा हो। 'जार' साहित्यकार इन्द्रबहादुर राईको ऐतिहासिक कथामा आधारित सिनेमा हो।

इन्द्रबहादुर राईले सन् १८०० को दशकको विषयलाई आफ्नो कथाको विषय बनाएका थिए।

'जार'लाई निर्देशक फुर्वा छिरिङ लामाले निर्देशन गरेका छन्। चलचित्र 'जार'ले एक प्रेमकथामार्फत तत्कालीन समाजको संरचना र मानव भावनाको जटिलतालाई देखाउने छ।

फेरी टेल पिक्चर्सले निर्माण गरेको 'जार' सामाजिक विषयमा बने पनि कम्प्लिट प्याकेज भएको निर्देशक लामाको दाबी छ।

होप रिल्स, एलए सेभेन सर्ट्स, बराल स्टुडियो र किवा प्रोडक्सनको सहकार्यमा निर्माण भएको चलचित्रको छायांकन सिक्किममा गरिएको छ।

चलचित्र 'जार'का कार्यकारी निर्माताामा त्रिलोचन पाण्डे, नीरज राई, नुर्साङ भुटिया, ज्योति क्षेत्री र पेमा रिन्जिङ लेप्चा छन्।

सरवानन इलावार्सुको छायांकन रहेको चलचित्रमा अखिलेश राईको सम्पादन छ। सिनेमामा झुमा लिम्बू र गंगा थापाको संगीत छ।

चलचित्र 'जार' नेपाल र भारतसहित अन्तर ाष्ट्रिय बजारमा एकसाथ प्रदर्शनमा आउने निर्माण टिमले बताएको छ। यो सिनेमा प्रदर्शनका लागि नेपालभित्र एप्पल इन्टरटेनमेन्ट, रिच इन्टरटेनमेन्ट र एफडी कम्पनीले वितरणको जिम्मा लिएको छ।

यो चलचित्रको सिक्किममा ग्रान्ड वर्ल्ड प्रिमियर सम्पन्न भएको छ। 'जार' हेरिसकेपछि स्थानीय दर्शकले उत्कृष्ट प्रतिक्रिया दिएका छन्।

चलचित्रलाई पर्दामा नियाल्दै केही घण्टा मात्र पनि आफ्नै समाजको इतिहासको साक्षी बस्न पाउँदा सिक्किमेली दर्शक कोही भावुक त कोही उत्साहित देखिए। कलाकार, निर्देशक, सिनेमाटोग्राफी, बीजीएम र भीएफएक्सलाई दर्शकले तारिफ गरे।

यो चलचित्रले साहित्यकार इन्द्रबहादुर राईको कथामा आधारित कृतिलाई पूर्णतः न्याय गरेको निर्देशक साम्तेन भुटियाले बताए। नेपाली मौलिकता पस्केको 'जार' अभिनय, निर्देशक र प्राविधिक सबै पक्षमा अब्बल बनेको उनको भनाइ छ।

'धेरै चलचित्रमा निर्देशकलाई भेट्नै मुस्किल पर्छ, यो चलचित्रमा हरेकजसो दृश्यमा निर्देशकलाई पाउन सकिन्छ, राम्रो चलचित्रको बलियो पक्ष नै यो हो', साम्तेनले भने, 'धेरै लामो दृश्यमा संवाद नै नराखी पनि निर्देशकले दर्शकलाई होल्ड गर्न सफल छ। एउटा सृजनशील मेकर नेपाली चलचित्रले पाएको छ।'

# 'के घर के डेरा : घर नं. २'को ट्रेलर सार्वजनिक



**काठमाडौं/मस–** दीपेन्द्र के खनाल निर्देशित चलचित्र 'के घर के डेरा : घर नं. २'को ट्रेलर सार्वजनिक भएको छ। शुक्रबार एक कार्यक्रम आयोजना गर्दै 'के घर के डेरा : घर नं. २'को ट्रेलर सार्वजनिक गरिएको हो।

ट्रेलरमा घर र डेराबीच अन्तर छ। घरमोहले निम्त्याएको समस्या प्रस्ट देखाइएको छ। घर नै सबैथोक हो, प्रतिष्ठाको प्रतीक हो भन्ने अहिलेको यथार्थलाई देखाइएको छ। घर जोगाउन र जोड्न युवा पुस्ताले गरेको संघर्ष र त्यसले सिर्जना गरिरहेको नकारात्मक पक्षलाई ट्रेलरले देखाएको छ। घरमोहले बिग्रिएको आर्थिक कारोबार र परिवारलाई ट्रेलरमा प्रस्टसँग देखाउने काम निर्देशकले गरेका छन्। 'पशुपतिप्रसाद', 'आमा', 'चिसो मान्छे' जस्ता सफल सोसल ड्रामामा चलचित्र दिएका निर्देशक खनालको चलचित्र 'के घर के डेरा : घर नं. २' आगामी २ जेठदेखि प्रदर्शनमा आउँदै छ।

# बेलवासेले ल्याए 'चोटहरूको उत्सव'




**काठमाडौं/मस–** संचारकर्मी एवं कवि ठाकुर बेलवासेको कवितासंग्रह 'चोटहरूको उत्सव' सार्वजनिक गरिएको छ। शुक्रबार डिल्लीबजारस्थित भोजनगृहमा आयोजित कार्यक्रममा प्रमुख अतिथि साहित्यकार तुलसी दिवस, साहित्यकार एवं राजनीतिज्ञ शान्ता मानवी, गायिका आनी छोइङ डोल्मा, भरत बस्नेतलगायतले बेलवासेको कृति 'चोटहरूको उत्सव' सार्वजनिक गरेका हुन्।

सुनकोशी वाङ्मय प्रतिष्ठान, काभ्रेपलाञ्चोकले बजारमा ल्याएको कवितासंग्रह 'चोटहरूको उत्सव'मा ३८ वटा कविता संगृहीत छन्, जसमा 'तिमी अर्थात् तिमी', 'एउटा हठात् घटना !', 'जिन्दगी एउटा अर्को नशा', 'सौन्दर्य शक्ति'लगायतका कविता छन्।

कार्यक्रममा प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै साहित्यकार दिवसले ठाकुरका 'चोटहरूको उत्सव'मा रहेका कविताहरूले प्रेम आफैंमा दर्शन हो भन्ने कुरालाई स्थापित गरेका बताए।

उक्त कवितासंग्रहमा प्रेम, सम्बन्ध, प्रकृतिप्रेम, सौन्दर्य शक्तिलगायतका विषयमा कविताहरू रहेका लेखक बेलवासेले जानकारी दिए। उनले कवितासंग्रहमार्फत संकटमा आफ्नो मान्छेको पहिचान हुन्छ भन्ने भावलाई जोड दिएका छन् भने बिछोडिनुपर्दाका पीडाहरू कवितामा अभिव्यक्त भएका छन्। गरिबीको स्पर्शमा रमाउने भुइँमान्छेका मनोदशापूर्ण भावहरूको चित्रण कविताहरूले गरेका छन्।

प्रतिष्ठानका अध्यक्ष छविरमण सिलवालको सभापतित्वमा भएको विमोचन कार्यक्रमको संचालन शुभारम्भ प्रतिष्ठानका महासचिव प्रदीप सापकोटाले गरेका थिए भने विमोचनपश्चात्को कार्यक्रम संचालन कवि बेलवासे आफैंले रोचक शैलीमा गरेका थिए।

पूर्णबहादुर श्रेष्ठ हृदयंकृतको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रममा विमोचित कृतिका कविताहरू शोभा अधिकारी, विश्व सिग्देल, मणि लोहनी, सोझो गाउँले र हेम प्रभासले वाचन गरेका थिए।

१२४ पृष्ठको कवितासंग्रहको मूल्य २५० रुपैयाँ छ भने यसको वितरकमा भुँडीपुराण प्रकाशन, बागबजार काठमाडौं रहेको छ।

# 'अभिमन्यु'को छायांकन सम्पन्न




**काठमाडौं/मस–** चलचित्र 'अभिमन्यु'को छायांकन सकिएको छ। २५ दिनमा चलचित्रको छायांकन सकिएको निर्माण पक्षले जानकारी दिएको छ। 'अभिमन्यु'को छायांकन १९ चैतमा कीर्तिपुरमा चलचित्रको पूजा गर्दै शुभमुहूर्त गरेसँगै 'अभिमन्यु'को छायांकन सुरु भएको थियो।

'अभिमन्यु'मा कामेश्वर चौर सिया, गौमाया गुरुङ, सरिता गिरी, लक्ष्मी बर्देबा, शिशिर वाङ्देल, किरण श्रेष्ठलगायत कलाकारको अभिनय छ। 'अभिमन्यु'को निर्माता विनोद पौडेल हुन्। सर्वकालीन ब्लकबस्टर सिनेमा 'पूर्णबहादुरको सारंगी' निर्माता पौडेलले 'अभिमन्यु' आगामी २७ भदौमा रिलिज हुने बताएका छन्।

चलचित्रको थिम पोस्टरले चक्रव्यूह र पैसाबीचको संघर्षलाई प्रस्तुत गर्ने बताइएको छ। पैसाको प्रलोभनमा चक्रव्यूहमा फस्ने र त्यहाँबाट उम्किन खोज्ने व्यक्तिको संघर्षको सिनेमाको मुख्य कथा भएको बताइएको छ।

सेभेन सिज सिनेमाको प्रस्तुतिमा निर्माण हुने सिनेमा 'अभिमन्यु'लाई सुशान्त गौतमले निर्देशन गर्ने छन्। यो उनको डेब्यु निर्देशन हो।

मुकेश खनालको लेखन रहेको चलचित्रका क्रिएटिभ निर्देशक मदन थापा हुन्। थापाले यसअघि चलचित्र 'बाटो : रोड टु डेथ' निर्देशन गरेका थिए।

विनोद पौडेल र गुञ्जन गिरी निर्माता रहेको सिनेमाका रमेश चौलागाईं र हरि श्रेष्ठ सहनिर्माता छन्। 'अभिमन्यु'मा शरद् महतोको डीओपी रहने छ। यो चलचित्र विश्वभर एकसाथ हिन्दी र नेपाली भाषामा रिलिज हुने छ।

# भवानीको 'प्रणाम सगरमाथा'



**काठमाडौं/मस–** नियात्राकार भवानी खतिवडाको चौथो नियात्राकृति 'प्रणाम सगरमाथा' सार्वजनिक भएको छ।

बिहीबार काठमाडौंको कालिकास्थानस्थित सर्वनाम थिएटरमा आयोजित एक विशेष समारोहमा नियात्राकार घनश्याम राजकर्णिकार, नियात्राकार इल्या भट्टराई, पेज टर्नरका अध्यक्ष भुवनहरि सिग्देल, कवि तथा नाटककार अशेष मल्ल, समालोचकहरू डा. अशोक थापा र महेश पौडेचाल तथा लेखक स्वयंले उक्त कृतिको लोकार्पण गरेका हुन्।

यस अवसरमा आयोजित अन्तरक्रियामा सहभागी नियात्राकार इल्या भट्टराईले भवानीको यस कृतिले उच्च हिमाली भेगको एक विशिष्ट अनुभूति पाठकसँग बाँड्न सफल भएको बताइन्। उनले भनिन्, 'अन्यत्र पाइने सूचना शुष्क हुन्छ। यस कृतिले बाँड्ने अनुभूति सरस र विशिष्ट छ।'

समालोचक पौडचालले नियात्राबाट निजात्मकता हराउँदै गएको वर्तमान सन्दर्भमा भवानी खतिवडाले सरसता र निजात्मकता दुवैको सम्यक मिश्रण प्रस्तुत गरेको टिप्पणी गरे। उनले भने, 'खतिवडाको लेखनमा उच्च हिमाली जनजीवन र हिमाली भव्यताका झिल्का पाइन्छन्। एक आमनेपाली नारीका लागि एक्लै यति दुष्कर भूगोलको यात्रा गर्नु र त्यसलाई कृतिको आकार दिनु आफैंमा एक विशिष्ट प्राप्ति हो।' परिचर्चाको सहजीकरण समालोचक डा. थापाले गरेका थिए।

सोही अवसरमा सर्वनाम थिएटरले विमोचित कृतिभित्रका केही प्रसंग समेटर नाटकको प्रदर्शन पनि गऱ्यो। सर्वनामको एक्काइसौं ब्याचका विद्यार्थीहरूले अभिनय गरेको उक्त नाटकमा उच्च हिमाली भेगमा भेटिने मौसमको अनिश्चितता, जीवनको जोखिम र त्यहाँ जीविका चलाउनकै लागि पर्यटकका भारी बोक्ने श्रमिक वर्गको मर्मकथा समेटिएको थियो।

नियात्राकार खतिवडाले भनिन्, 'लेखन मेरो साधना हो। मैले परिवार र छोरा-छोरीप्रतिको जिम्मेवारीलाई एउटा मुकामसम्म पुऱ्याइसकेकी छु। मेरो बचेको समय भनेको साहित्य साधनाकै लागि हो।' उनले आफू एक श्रद्धालु बनेर हिमाली भेगको यात्रामा जाने र आफू स्पर्शित भएका प्रसंग टिपेर त्यसलाई नियात्राको रूप दिने गरेको बताइन्।

कृतिलाई पेज टर्नरले बजारमा ल्याएको हो। यसअघि खतिवडाका 'घामभन्दा पहिले', 'चारखोलाको आँगनीमा' र 'आकाश ओढेको डोल्पो' प्रकाशित छन्।

कार्यक्रममा खतिवडाकै नेतृत्वमा प्रकाशन संस्था पेज टर्नरले क्यान्सरसँग लडिरहेका कवि गोविन्दराज विनोदीको उपचारचार्थ चलाएको सहयोग अभियानमा जुटेको ४ लाख ५५ हजार ३५६ रुपैयाँ कवि विनोदीकी छोरीलाई हस्तान्तरण गऱ्यो। रकम नियात्राकार घनश्याम राजकर्णिकारले कवि विनोदीकी छोरीलाई हस्तान्तरण गरेका थिए।




प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ